श्रोतः नेपाल समाचारपत्र, २०७२/४/१६

# तल्लो मोदी–१ मर्मतका लागि दुई महिना लाग्ने

बाढीबाट ३० करोड क्षति

दुर्गाप्रसाद शर्मा

पर्वत

अविरल वर्षाका कारण मोदीखोलामा आएको बाढीले पर्वतको चुवास्थित १० मेगावाट क्षमताको तल्लो मोदीखोला–१ जलविद्युत आयोजनामा ३० करोड रुपियाँको क्षति पुर्याएको छ।

बाढीले आयोजनाको विद्युत् गृह, सडक र नहरमा गरी ३० करोडभन्दा बढी क्षति पुर्याएको हो। बाढीले क्षतिग्रस्त आयोजना मर्मतका लागि दुई महिनाभन्दा बढी समय लाग्ने आयोजनाले जनाएको छ। विद्युत् गृहको सुरक्षाका लागि लगाइएको पर्खाल भत्काएर विद्युत् गृहमा बाढी पसेपछि सबैभन्दा ठूलो क्षति पुगेको छ। विद्युत् गृह पानीले भरिएपछि इलेक्ट्रिक र इलेक्ट्रोमेकानिकलका सबै सामान काम नलाग्ने अवस्थामा पुगेका छन्।

विद्युत् गृहमा २ मिटरभन्दा बढी पानीको सतह पुगेपछि जेनेरेटर, टवाइन, प्यानल बोर्डमा समेत पानीले भरिएको थियो। इलेक्ट्रोमेकानिकल सामानमात्रै २६ करोड रुपियाँको क्षति पुगेको आयोजनाका निर्देशक उपेन्द्र गौतमले बताउनुभयो। दोबिल्लाको सुन्दरेखोला नहरमा पसेका कारण नहर धेरै ठाउँमा पुरिएको छ भने स्विचयार्डदेखि विद्युत् गृहसम्म जाने बाटो नदीले कटान गरेको छ। नहर र बाटो तथा सुरक्षा पर्खाललगायतका संरचनामा झण्डै ४ करोडको क्षति पुगेको निर्देशक गौतमले जानकारी दिनुभयो।'विद्युत् गृह र अन्य भौतिक संरचनामा गरी ३० करोडको क्षति पुगेको प्रारम्भिक अनुमान गरेका छौं' गौतमले भन्नुभयो–'विद्युत् गृहभित्रका उपकरणहरू खोलेर हेरेपछि मात्रै क्षतिको यकिन तथ्यांक आउँछ' बाढीले १ सय २५ केभिए क्षमताको जेनेरेटर बगाएको छ।

निजी क्षेत्रको युनाइटेड मोदी हाइड्रोपावर लिमिटेडले निर्माण गरेको आयोजनाले तीन वर्ष अगाडिदेखि विद्युत् उत्पादन थालेको थियो। आयोजनामा बाढीले क्षति पुर्याएपछि दुई महिनाभन्दा बढी लामो समय लाग्ने आयोजनाका निर्देशक उपेन्द्र गौतमले बताउनुभयो। इलेक्ट्रोमेकानिकलको काम गर्न विदेशबाट प्राविधिक आउनुपर्ने भएकाले मर्मतका लागि समय लाग्ने देखिएको छ। आयोजना दुई महिनासम्म बन्द हुँदा थप २० करोडभन्दा बढी घाटा हुने निर्देशक गौतमको भनाइ छ।

यसै गरी बाढी र पहिरोका कारण पर्वतको देउपुरस्थित १४.८ मेगावाट क्षमताको मोदीखोला जलविद्युत केन्द्रमा पनि विद्युत् उत्पादन बन्द भएको छ। पर्वतको तिलहार– ९ बेतनीमा गएको पहिरोले प्रसारणलाइनमा क्षति पुर्याएपछि मोदीखोला जलविद्युत् आयोजनाको उत्पादन बन्द भएको हो। प्रसारणलाइन अवरुद्ध भएपछि इन्टेकमा विद्युत् आपूर्ति नहुँदा उत्पादन बन्द भएको मोदीखोला जलविद्युत् केन्द्रका प्रमुख तारादत्त भट्टले जानकारी दिनुभयो। प्रसारणलाइन मर्मतको काम भइरहेकोले शनिबारसम्म विद्युत उत्पादन हुने भट्टले बताउनुभयो

श्रोतः नागरिक, २०७२/४/१६

## विद्युत गृहमा बाढी पस्दा करोडौं क्षति

छविलाल तिवारी

वर्षाका कारण मोदीखोलामा आएको बाढीले यहाँका दुई वटा जलविद्युत आयोजनामा विद्युत उत्पादन बन्द भएको छ। बाढी–पहिरोका कारण पर्वतको देउपुरमा रहेको १४ दशमलव ८ मेघावाट क्षमताको मोदीखोला जलविद्युत केन्द्र र चुवाको १० मेघावाट क्षमताको तल्लो मोदीखोला–१ मा विद्युत उत्पादन बन्द भएको हो।तिलाहार–९ बेतनीमा गएको पहिरोले प्रसारण लाइनमा क्षति पुर्याएिपछि मोदीखोला जलविद्युत केन्द्रको उत्पादन बन्द भएको हो। प्रसारण लाइन अवरुद्ध भएपछि इन्टेकमा विद्युत आपूर्ति नहुँदा उत्पादन बन्द भएको मोदीखोला जलविद्युत केन्द्रका प्रमुख तारादत्त भट्टले बताए।

बेतेनीमा पहिरोले सडकसँगै विद्युतको प्रसारणको पोल ढालेपछि प्रसारण लाइनबाट विद्युत पास हुन नसक्दा उक्त आयोजनाको उत्पादन बन्द भएको हो। उनले शुक्रबारदेखि नै प्रसारण लाइनको मर्मत थाल्ने बताए। 'केही दिनमै विद्युत उत्पादन नियमित हुन्छ' उनले भने।

यता मोदीखोलामा आएको बाढीले चुवाको तल्लो मोदी–१ जलविद्युत आयोजनामा ठूलो क्षति पुर्यामएको छ। विद्युत गृहको सुरक्षाका लागि लगाइएको पर्खाल भत्काएर विद्युतगृहमा नै बाढी पसेपछि ठूलो क्षति भएको हो। बाढीले ३० करोडको क्षति पुर्यागएको दाबी आयोजनाले गरेको छ। विद्युत गृह, नहर र सडकमा बाढीले क्षति पुर्याडउँदा ३० करोड बढीको क्षति भएको कार्यकारी निर्देशक उपेन्द्र गौतमले बताए। 'टर्बाइनसहित महत्वपूर्ण सामानहरु कामै नलाग्ने भएको छ,' उनले भने।

तल्लो मोदीखोला–१ जलविद्युत आयोजनाको विद्युतगृह मोदीखोलाबाट नजिक रहेका कारण पनि ठूलो क्षति भएको हो। गौतमले ३० करोड बराबरका सामान क्षति भए पनि दुई महिना विद्युत उत्पादन बन्द हुँदा आयोजनालाई ४० करोड बराबर क्षति पुग्ने बताए। विद्युतगृह पानीले भरिएपछि इलेक्ट्रिक र इलेक्ट्रोमेकानिकल सबै सामान काम नलाग्ने अवस्थामा पुगेका छन्। विद्युतगृहमा दुई मिटर भन्दा बढी पानीको सतह पुगेपछि जेनेरेटर, टवाईन, प्यानलबोर्ड पानीले भरिएको थियो।

इलेक्ट्रोमेकानिकल सामान मात्रै २६ करोड रुपैयाँको क्षति पुगेको आयोजनाका निर्देशक गौतमले बताए। त्यस्तै दोबिल्लाको सुन्दरेखोला नहरमा पसेका कारण नहर धेरै ठाउँमा पुरिएको छ। स्विचयार्डदेखि विद्युतगृहसम्म जाने बाटो नदीले कटान गरेको छ। नहर र बाटो तथा सुरक्षा पर्खाल लगायतका संरचनामा झण्डै ४ करोडको क्षति पुगेको निर्देशक गौतमले जानकारी दिए। बाढीले १ सय २५ केभिए क्षमताको जेनेरेटरसमेत बगाएको छ।

त्यस्तै एक मेघावाटको पातीखोला जलविद्युत आयोजना पनि पातीखोलामा आएको बाढीका कारण बन्द

भएको छ। पर्वतका २५ दशमलव ८ मेघावाटका यी तीन वटा आयोजना बन्द हुँदा मुलुकमा एक घन्टा भन्दा बढी लोडसेडिङ थप हुने बताइएको छ।

यसैगरी निरन्तरको वर्षाले निर्माणाधीन २० मेघावाट क्षमताको तल्लो मोदीखोला जलविद्युत आयोजनाको काम समेत प्रभावित बनेको आयोजनाका जनसम्पर्क अधिकृत सुरेन्द्र बेलबासेले बताए।

श्रोतः  कान्तिपुर,  २०७२/४/१६

**ठेकेदारको लापरबाहीले मध्य भोटेकोसीमा समस्या**

*लोकमणि राई*

सिभिल तथा हाइड्रोमेकानिकल ठेकेदार ग्वाङ्सी हाइड्रो इलेक्ट्रिक कन्स्ट्रक्सन ब्युरोको आर्थिक संकटका कारण १ सय २ मेगावाटको मध्य भोटेकोसी जलविद्युत् आयोजना समस्यामा परेको छ ।

ग्वाङ्सीले आर्थिक संकट देखाउँदै काम गर्न पैसा मागेपछि तथा विद्युत् प्राधिकरणले सम्झौताअनुसार थप पैसा दिन नमिल्ने भएपछि मध्य भोटेकोसी समस्यामा परेको हो । ग्वाङ्सीले एड्भान्सबापत ८० करोड रुपैयाँ लगिसकेको छ भने फिल्डमा करिब अढाइ करोड रुपैयाँ बराबरको मात्र काम गरेको छ । गरेको कामको अढाइ करोड रुपैयाँसमेत भुक्तानी लिएपछि ग्वाङ्सीले आर्थिक संकट देखाउँदै थप पैसा मागेको हो । यसबाट ठेकेदार ग्वाङ्सीको नियतमा समेत प्रश्न उब्जेको छ ।

ग्वाङ्सीले करिब ६ महिनाअघि नै पत्राचार गरी आर्थिक संकट देखाउँदै काम अघि बढाउन प्राधिकरण अन्तर्गतको मध्य भोटेकोसी जलविद्युत् कम्पनीसँग पैसा मागेको थियो । ठेक्का सम्झौताअनुसार काम नगरी थप पैसा दिन नमिल्ने भएकाले कम्पनीले समस्या समाधान गर्ने हिसाबले केही पैसा दिन सकिन्छ कि भनेर गृहकार्य पनि गरेको थियो । त्यसअनुसार ‘आपतकालीन व्यवस्था’ गरेर ठेकेदार ग्वाङ्सीलाई झन्डै २० करोड रुपैयाँ थप पैसा दिन सक्ने अवस्था देखिएको थियो ।

तर त्यति रकमले ठेकेदारको समस्या समाधान

नहुने भएपछि कम्पनीले पैसा दिन नसक्ने जवाफ दिएको छ ।

‘ठेकेदारको आर्थिक अवस्थाका कारण उसले नगद प्रवाह गर्न नसकेको ५/६ महिना महिना भयो,’ कम्पनीका प्रबन्ध सञ्चालक मनोज सिल्वालले भने, ‘स्थानीय सप्लायर्स र ठेकेदारलाई नै १५/२० करोड रुपैयाँ दिन बाँकी देखिएकाले हामीले पैसा दिए पनि समस्या समाधान हुने

देखिएन ।’ उनले ठेकेदार ग्वाङ्सीलाई नगद

प्रवाह गरी काम सुचारु गर्न पनि भनिसकेको बताए ।

ग्वाङ्सीले इन्जिनियरिङ प्रोक्युरमेन्ट कन्ट्रयाक्ट (ईपीसी) मोडेलमा सन् २०१४ को जनवरीदेखि मध्य भोटेकोसीमा काम सुरु गरेको हो । साढे ३ वर्षमा काम सक्नुपर्ने भए पनि भूकम्प जानु अघिसम्मको करिब १४ महिनामा ठेकेदारले झन्डै २ प्रतिशत मात्र काम सकेको प्राधिकरण स्रोतको भनाइ छ ।

‘अहिलेसम्म कम्तीमा १५ प्रतिशत काम सकिनुपथ्र्यो,’ स्रोतले भन्यो, ‘सन्तोषजनक काम नगरेको भन्दै आपत्ति जनाएपछि ठेकेदारले बीचमा रिकभरी प्लान पनि ल्याएको थियो । तर काम भएन ।’

प्रबन्ध सञ्चालक सिल्वालले भने मध्य भोटेकोसीमा ५/६ प्रतिशत काम भएको दाबी गरे । ‘ठेकेदारको काम सन्तोषजनक र स्वीकार्य छैन,’ उनले भने । उनका अनुसार मध्य भोटेकोसीको कामलाई ६० वटा ‘माइलस्टोन’ मा विभाजन गरिएको छ । त्यसमध्ये ग्वाङ्सीले २ वटा माइल स्टोन मात्र पूरा गरेको छ ।

वैशाख १२ को भूकम्पपछि ठेकेदारले चीनबाट कामदार फर्किन नमानेको भन्दै करिब १७ महिना समय थपिमागेको छ । ‘काम सक्न अब ४१ महिना लाग्छ भन्ने ठेकेदारको कुरा छ,’ सिल्वालले भने, ‘त्यो भनेको करिब १६/१७ महिना हो । हामीले हुँदैन भन्ने जवाफ दिइसकेका छौं ।’ उनका अनुसार भूकम्पका कारण आयोजनाको काम ६ महिनाभन्दा बढी ढिलाइ हुँदैन ।

मध्य भोटेकोसीमा ठेकेदार ग्वाङ्सीले करिब अढाई करोड रुपैयाँको मात्र काम गरेको छ । तर एड्भान्सबापत करिब ८० करोड रुपैयाँ यसअघि नै लगिसकको छ । एड्भान्सबापत लगेको रकमको काम भएको छैन । सन् २०११ को अनुमानअनुसार यो आयोजनाको लागत १२ अर्ब २८ करोड ३३ अर्ब रुपैयाँ हो । ग्वाङ्सीले आयोजनाको सिभिल र हाइड्रोमेकानिकल ठेक्का ईपीसी मोडलमा करिब ८ अर्ब रुपैयाँमा लिएको हो ।

समय बढेर आयोजना ढिला निर्माण भए ठेकेदारले हर्जाना तिर्नुपर्छ । भूकम्पका कारण समय बढे पनि सम्झौताअनुसार ठेकेदारले लागत वृद्धि दाबी नगर्ने गरी ठेक्का सम्झौता भएको प्राधिकरण स्रोतको भनाइ छ । तर सिभिल र हाइड्रोमेकानिकल काममा ढिलाइ भए इलेक्ट्रोमेकानिकल काम पनि लम्बिने अवस्था छ । आयोजनाको इलेक्ट्रोमेकानिकल ठेक्का भने एन्ड्रिज इन्डिया प्रालिले पाएको छ । काम लम्बिए इलेक्ट्रोमेकानिकल ठेक्का बीओक्यू (बिल अफ क्वान्टिटिज) मोडलमा भएकाले एन्ड्रिजले प्राधिकरणसँग क्षतिपूर्ति दाबी गर्ने निश्चित छ ।

मध्य भोटेकोसीमा ग्वाङ्सीले एड्भान्स ग्यारेन्टी र पर्फमेन्स बन्डबापत करिब १ अर्ब ६० करोड रुपैयाँ जमानत राखेको छ । जमानतका लागि स्टान्डर्ड चार्टर्ड बैंक काउन्टर ग्यारेन्टी बसेको छ । आर्थिक संकटका कारण काम गर्न नसकेपछि प्राधिकरणले हालै राहुघाटको ठेकेदार आईभीआरसीएल लिमिटेडसँग ठेक्का सम्झौता खारेज गरी जमानत जफत गरेको छ ।

श्रोतः गोरखापत्र, २०७२/४/१६

## तल्लो मोदीखोला एक जविआमा ३० करोडको क्षति

मङ्गलबार राती परेको मुसलधारे पानीसँगै आएको बाढीले क्षति पु¥याउँदा पर्वतको चुवामा रहेको १० मेघावाट क्षमताको तल्लो मोदीखोला एक जलविद्युत् आयोजनामा ३० करोड रुपैयाँको क्षति पुगेको छ ।

बाढीले आयोजनाका आधिकांश भागमा क्षति पु¥याउँदा उत्पादन बन्द हुनुका साथै करोडौँ रुपैयाँको नोक्सानी भएको छ ।

एकाएक आएको बाढीले विद्युत्गृह, सडक र नहरमा क्षति पु¥याउँदा करोडौँको क्षति भएको आयोजनाले जनाएको छ ।

चुवास्थित दोबिल्लाको नहरमा बाढी पस्दा नहरका विभिन्न ठाउँ पुरिएको छ भने स्विचयार्डदेखि विद्युत्गृहसम्म जाने बाटो नदीले कटान गरेर क्षतिग्रस्त बनाएको छ ।

नहर र बाटो तथा सुरक्षा पर्खाल लगायतका संरचनामा झण्डै रु. चार करोडको क्षति पुगेको आयोजनाका निर्देशक उपेन्द्र गौतमले जानकारी दिनुभयो ।

मोदीखोला बढेर आएको बाढीका कारण विद्युत्गृहको सुरक्षाका लागि लगाइएको पर्खाल भत्किएर विद्युत्गृह भित्रै बाढी पसेपछि आयोजनाको इलेक्ट्रीक र इलेक्ट्रोमेकानिकल सबै सामान काम नलाग्ने अवस्थामा पुगेका छन ।

विद्युत्गृहमा दुई मिटरभन्दा बढी पानीको सतह पुगेपछि जेनेरेटर, टवाईन, प्यानलबोर्डमा समेतमा क्षति पुगेको थियो । त्यसबाट इलेक्ट्रोमेकानिकल सामान मात्रै २६ करोड रुपैयाँको क्षति भएको आयोजनाका निर्देशक गौतमले बताउनुभयो ।

बाढीले क्षतिग्रस्त बनाएको आयोजना मर्मतका लागि दुई महिनाभन्दा बढी समय लाग्ने जनाइएको छ ।

“विद्युत्गृह र अन्य भौतिक संरचनामा गरी रु. ३० करोडको क्षति पुगेको प्रारम्भिक अनुमान गरेका छौँ”, गौतमले भन्नुभयो, “विद्युत्गृहभित्रका उपकरण खोलेर हेरेपछि मात्रै क्षतिको यकिन तथ्याङ्क आउँछ” ।

बाढीले १२५ केभिए क्षमताको जेनेरेटर पनि बगाएको छ ।

निजी क्षेत्रको युनाईटेड मोदी हाइड्रोपावर लिमिटेडले निर्माण गरेको आयोजनाले तीन बर्ष पहिलेदेखि विद्युत् उत्पादन थालेको थियो ।

आयोजना दुई महिनासम्म बन्द हुँदा आयोजनालाई रु. २० करोडभन्दा बढी घाटा हुने निर्देशक गौतमको भनाइ छ । एक दिन विद्युत् बन्द हुँदा झण्डै आठ लाखभन्दा बढी रुपैयाँ घाटा हुन्छ । मर्मत, बैङ्कको ऋणको व्याज समेत जोड्दा अझै बढी घाटा हुने दाबी निर्देशक गौतमको छ ।

यसैबीच बाढी र पहिरोका कारण पर्वतको देउपुर स्थित १४.८ मेघावाट क्षमताको मोदीखोला जलविद्युत् केन्द्रमा पनि उत्पादन बन्द भएको छ ।

पर्वतको तिलहार गाउँ बिकास समिति–९ बेतनीमा खसेको पहिरोले प्रसारण लाइनमा क्षति पु¥याएपछि मोदीखोला जलविद्युत् आयोजनाको उत्पादन बन्द भएको हो ।

प्रसारणलाइन अबरुद्ध भएपछि इण्टेकमा विद्युत् आपूर्ति नहुँदा उत्पादन बन्द भएको मोदीखोला जलविद्युत् केन्द्रका प्रमुख तारादत्त भट्टले जानकारी दिनुभयो ।

प्रसारणलाइन मर्मतको काम भइरहेकोले शनिबारसम्म विद्युत् उत्पादन हुने भट्टले बताउनुभयो ।

श्रोतः गोरखापत्र, २०७२/४/१६

## तल्लो मोदी एक जलविद्युत् मर्मत गर्न दुई महिना लाग्ने बाढीका कारण रु ३० करोड क्षति

अविरल वर्षाका कारण मोदीखोलामा आएको बाढीले पर्वतको चुवास्थित १० मेघावाट क्षमताको तल्लो मोदीखोला एक जलविद्युत् आयोजनामा करिव रु ३० करोडको क्षति पुगेको छ । विद्युत्गृहको सुरक्षाका लागि लगाएको पर्खाल भत्केर विद्युत्गृहमा बाढी पसेपछि सबैभन्दा ठूलो क्षति पुगेको छ । विद्युत्गृह पानीले भरिएपछि इलेक्ट्रिक र इलेक्ट्रोमेकानिकल सबै सामान काम नलाग्ने अवस्थामा पुगेका छन् ।

"विद्युत्गृह र अन्य भौतिक संरचनामा गरी रु ३० करोडको क्षति पुगेको प्रारम्भिक अनुमान गरेका छौँ" आयोजनाका निर्देशक उपेन्द्र गौतमले बताउनुभयो । गौतमले भन्नुभयो– "विद्युत्गृहभित्रका उपकरण खोलेर हेरेपछि मात्रै क्षतिको यकिन तथ्याङ्क आउँछ" बाढीले १२५ केभिए क्षमताको जेनेरेटर बगाएको छ ।

निजी क्षेत्रको युनाइटेड मोदी हाइड्रोपावर लिमिटेडले निर्माण गरेको आयोजनाले तीन वर्ष पहिलेदेखि विद्युत् उत्पादन थालेको थियो । आयोजनामा बाढीले क्षति पु¥याएपछि दुई महिनाभन्दा बढी लामो समय लाग्ने जानकारी निर्देशक गौतमले दिनुभयो । इलेक्ट्रोमेकानिकल कामका लागि विदेशबाट प्राविधिक आउनुपर्ने भएकाले मर्मतका लागि समय लाग्ने उहाँको भनाइ छ ।

आयोजना दुई महिनासम्म बन्द हुँदा आयोजनालाई रु २० करोडभन्दा बढी घाटा हुने निर्देशक गौतमले बताउनुभयो । एक दिन विद्युत् बन्द हुँदा रु आठ लाखभन्दा बढी क्षति हुन्छ ।

यसैबीच बाढी र पहिरोका कारण पर्वतको देउपुरस्थित १४ दशमलव ८ मेघावाट क्षमताको मोदीखोला जलविद्युत् केन्द्रमा पनि उत्पादन बन्द भएको छ ।

पर्वतको तिलहार गाविस–९ बेतनीमा गएको पहिरोले प्रसारण लाइनमा क्षति पु¥याएपछि मोदीखोला जलविद्युत् आयोजनाको उत्पादन बन्द भएको हो । प्रसारण लाइन अवरुद्ध भएपछि इन्टेकमा विद्युत् आपूर्ति नहुँदा उत्पादन बन्द भएको मोदीखोला जलविद्युत् केन्द्रका प्रमुख तारादत्त भट्टले जानकारी दिनुभयो । रासस

श्रोतः नयाँ पत्रिका, २०७२/४/१६

**४ करोड २५ लाखमा खोलाको ठेक्का**

जिल्ला विकास समिति नवलपरासीले न्यूनतम अंक १ करोड २० लाख तोके पनि ४ करोड २५ लाख रुपैयाँमा ठेक्का लागेको छ । जिविसले आह्वान गरेको टेन्डरमा ४७ वटा फार्मले फारम खरिद गरेका थिए । १८ फार्मले टेन्डर भरेर बुझाएकामा सर्वाधिक अंक ४ करोड २५ लाख भएको जिविस राजस्व शाखा प्रमुख रिजवान अन्सारीले बताए । भ्याट जोड्दा ४ करोड ८० लाख रुपैयाँसम्म पुग्ने उनको भनाइ छ ।
जिविसको टेन्डरमा सबैभन्दा बढी रकममा टेन्डर बोलकबोल भएको पहिलोपटक हो । अन्सारीका अनुसार सम्झौताको सूचना गर्न बाँकी रहेको र कबोलअनुसारको रकममा ५० प्रतिशत जम्मा गराएर मात्र सम्झौता गरिनेछ ।
जिल्लाबाहिर निकासी हुने खोलाजन्य सामग्रीमा प्रतिघनफिट २ रुपैयाँका दरले राजस्व असुली हुनेछ । जिल्लाबाट २ करोड १२ लाख घनफिट खोलाजन्य सामग्री निकासी भए मात्र ठेकेदारले लागत उठाउन सक्नेछ ।
अहिले लगाएको ठेक्काले चुरे क्षेत्रका खोलाको अत्यधिक दोहन भई प्राकृतिक प्रकोपसमेत हुन सक्ने सरोकारवाला बताउँछन् । खोलाजन्य निकासीमा विनामापदण्ड उत्खनन गर्दा समस्या हुने देखिएको वन प्राविधिकले बताएका छन् ।
२ करोड घनफिट निकासी गर्न सक्ने चुरेका खोलाको क्षमता नभएको वन प्राविधिकको भनाइ छ । जिविसले ठेक्का लगाउँदा प्राकृतिक स्रोतलाई ख्याल नगरेको उनीहरू बताउँछन् ।
नदीजन्य सामग्री निकासी ठेक्कामा सर्वाधिक रकम कबोल गर्ने कम्पनी प्राकृतिक निर्माण प्रालि सिद्धार्थ नगरपालिका रुपन्देही बनेको छ । कम्पनी लुम्बिनी निर्माण व्यवसायी संघ अध्यक्ष टोपबहादुर रायमाझीको हो ।

श्रोतः नयाँ पत्रिका, २०७२/४/१६

## तल्लो मोदी पुनर्निर्माण गर्न २ महिना लाग्ने

**सन्तोष थापा**

अविरल वर्षाका कारण मोदीखोलामा आएको बाढीले चुवामा सञ्चालित तल्लो मोदीखोला एक जलविद्युत् परियोजनाको उत्पादन पूर्णरूपमा बन्द भएको छ । मोदीखोलाको बाढी परियोजनाको उत्पादन गृहमा पसेपछि उत्पादन बन्द भएको हो ।

१० मेगावाट क्षमताको आयोजनामा बाढीले ३० करोड रुपैयाँको क्षति पुगेको छ । उत्पादन गृह, सडक र नहरमा गरी २० करोडभन्दा बढी क्षति पुर्‍याएको हो ।

बाढीले क्षतिग्रस्त आयोजना मर्मतका लागि दुई महिनाभन्दा बढी समय लाग्ने आयोजनाले जनाएको छ । आयोजनाको सुरक्षाका लागि लगाइएको पर्खाल भत्काएर विद्युत्गृहमा बाढी पसेपछि सबैभन्दा ठूलो क्षति पुगेको छ ।

विद्युत्गृह पानीले भरिएपछि इलेक्ट्रिक र इलेक्ट्रोमेकानिकल सबै सामान काम नलाग्ने अवस्थामा पुगेका छन् । विद्युत्गृहमा २ मिटरभन्दा बढी पानीको सतह पुगेपछि जेनेरेटर, टर्वाइन, प्यानल बोर्डमा समेत पानीले भरिएको छ ।

इलेक्ट्रोमेकानिकल सामान मात्रै २६ करोड रुपैयाँको क्षति पुगेको आयोजनाका निर्देशक उपेन्द्र गौतमले बताए । दोबिल्लाको

सुन्दरेखोला नहरमा पसेपछि धेरै ठाउँमा पुरिएको छ भने स्विचयार्डदेखि विद्युत्गृहसम्म जाने बाटो नदीले कटान गरेको छ । नहर र बाटो तथा सुरक्षा पर्खाललगायतका संरचनामा झन्डै ४ करोडको क्षति पुगेको निर्देशक गौतमले जानकारी दिए । बाढीले १ सय २५ केभिए क्षमताको जेनेरेटरसमेत बगाएको छ ।

निजी क्षेत्रको युनाइटेड मोदी हाइड्रोपावरले निर्माण गरेको आयोजनाले तीन वर्षदेखि विद्युत् उत्पादन गर्दै आएको छ । इलेक्ट्रोमेकानिकल काम सक्न विदेशबाट प्राविधिक आउनुपर्ने भएकाले मर्मतका लागि समय लाग्ने गौतमले बताए ।

दुई महिनासम्म बन्द हुँदा आयोजनालाई २० करोडभन्दा बढी घाटा हुने उनको भनाइ छ । एक दिन विद्युत् बन्द हुँदा झन्डै ८ लाखभन्दा बढी रुपैयाँ क्षति पुग्नेछ ।

मर्मत, बैंकको ऋण ब्याजसमेत जोड्दा अझै बढी क्षति हुने दाबी निर्देशक गौतमको भनाइ छ । पर्वतका अन्य विद्युत् आयोजना पनि बुधबार राति आएको वर्षाले प्रभावित भएका छन् ।

श्रोतः नयाँ पत्रिका, २०७२/४/१६

## तल्लो अरुणमा ऊर्जा र लगानी बोर्डबीच विवाद

- आयोजना सार्वजनिक–निजी साझेदारी मोडलमा विकास गर्न आवश्यक प्रक्रिया अगाडि बढाउन बोर्ड कार्यालयलाई निर्देशन
- दुई निकायबीचको विवादले करिब १४ वर्षदेखि चर्चामा रहेको आयोजना झनै अन्योलमा
- बोर्ड बैठकमा तल्लो अरुणको एजेन्डामा नभएको विषय निर्णय भएको मिडियाबाट थाहा पाएँ, निर्णय गर्दैमा आयोजना बोर्डलाई दिन सक्दिँन : ऊर्जामन्त्री

**सचेन गौतम**

ऊर्जा मन्त्रालय र लगानी बोर्डबीच तल्लो अरुण जलविद्युत् आयोजना निर्माण अगाडि बढाउनेमा विवाद देखिएको छ । बोर्ड बैठकले आयोजना सार्वजनिक–निजी साझेदारी (पिपिपी) मोडलमा विकास गर्न आवश्यक प्रक्रिया अगाडि बढाउन बोर्ड कार्यालयलाई निर्देशन दिएको थियो ।

ऊर्जा मन्त्रालयले क्षमता अहिले ४ सय मेगावाट रहेकाले आयोजना बोर्डको क्षेत्राधिकारभित्र नपर्ने भन्दै निर्णयप्रति आपत्ति जनाएको छ ।

लगानी बोर्ड ऐनले ५ सय मेगावाटभन्दा ठूला आयोजना बोर्डको क्षेत्राधिकारमा पर्ने व्यवस्था गरेको छ । दुई निकायबीचको विवादले करिब १४ वर्षदेखि चर्चामा रहेको आयोजना झनै अन्योलमा परेको छ ।

ऊर्जामन्त्री राधाकुमारी ज्ञवालीले क्षेत्राधिकारभित्रै नपर्ने आयोजनाबारे गरिएको निर्णयले आश्चर्यमा परेको बताइन् । 'बोर्ड बैठकमा आमन्त्रित सदस्यका रूपमा सहभागी थिएँ, तल्लो अरुणको एजेन्डा नै थिएन, एजेन्डामै नभएको विषय निर्णय भएको मिडियाबाट थाहा पाएँ, मन्त्री ज्ञवालीले भनिन्, 'निर्णय गर्दैमा आयोजना बोर्डलाई दिन सक्दिँन ।'

बैठकपछि बोर्डका उपसचिव खगेन्द्रप्रसाद रिजालले जारी गरेको विज्ञप्तिमा 'तल्लो अरुण जलविद्युत् आयोजना पिपिपी अवधारणमा विकास गर्न आवश्यक प्रक्रिया अगाडि बढाउन लगानी बोर्ड कार्यालयलाई निर्देश गरेको' उल्लेख छ।

ब्राजिलको कम्पनी ब्रास पावरले उत्पादन लाइसेन्समा राखिएको सर्तअनुसार काम गर्न नसकेपछि अख्तियार दुरुपयोग अनुसन्धान आयोगको निर्देशनअनुसार ऊर्जाले आयोजनाको लाइसेन्स खारेज गरेको थियो ।

हाल सरकारी बास्केटमा रहेको आयोजनाको लागत करिब १ खर्ब रुपैयाँ छ । अख्तियारले आयोजना आकर्षक भएकाले सरकार वा अन्तर्गतको निकायबाट निर्माण गर्न सरकारलाई निर्देशन दिइसकेको छ ।

ब्रास पावरले आयोजनाको क्षमता बढाएर ६ सय ५० मेगावाट बनाउने प्रस्ताव प्रधानमन्त्री कार्यालय, ऊर्जा र बोर्डमा पेस गरेको थियो । तर, ऊर्जाले क्षमता बढाउन अस्वीकार गरेको थियो । बोर्डले आयोजना पुन: ब्रास पावर वा अन्य कुनै कम्पनीसँगको साझेदारीमा निर्माण गर्नेबारे प्रस्ट पारेको छैन ।

ऊर्जाले १८ महिनाभित्र विस्तृत इन्जिनियरिङ, वित्तीय व्यवस्थापन, विद्युत् खरिद–बिक्री सम्झौता (पिपिए) र वातावरणीय प्रभाव मूल्यांकन (इआइए) सम्पन्न गरी भौतिक रूपमा निर्माण सुरु गर्ने सर्त

राखी १ मंसिर ०६९ मा ३० वर्षका लागि जेनेरेसन लाइसेन्स दिएको थियो । तर, कम्पनीले लाइसेन्स लिँदा राखिएका सर्त पूरा गर्न नसकेपछि गत माघमा लाइसेन्स खारेज गरेको हो ।

ऊर्जाले विकास समितिमार्फत आयोजना अगाडि बढाउने प्रस्ताव अर्थ मन्त्रालयसँग गरेको थियो । ऊर्जामन्त्री ज्ञवालीले विकास समिति गठन गर्न अर्थले अस्वीकार गरेको जानकारी दिइन् । ‘विकास समिति गठन गर्ने प्रस्ताव अर्थले अस्वीकार गर्‍यो, स्थानीयलाई पनि सेयर दिएर कम्पनीमार्फत आयोजना निर्माण गर्ने सोच मन्त्रालयको छ,’ उनले भनिन् । ज्ञवालीले अरुण नदीका कुनै पनि आयोजना विदेशी कम्पनीलाई नदिइने प्रस्ट पारिन् ।

भारतीय कम्पनी सतलज जलविद्युत् कम्पनीले निर्माण गर्न लागेको अरुण तेस्रोको टेलरेसको पानी सीधै प्रयोग गरी तल्लो अरुण बनाउन सकिने भएकाले आयोजनालाई आकर्षक मानिएको छ । अख्तियारले पनि अरुण तेस्रोको प्रवेश मार्ग र प्रसारण लाइनसमेत प्रयोग गरी न्यूनतम मूल्यमा विद्युत् उत्पादन गर्न सकिने भएकाले अरुण तेस्रोसँग समन्वय गरी तल्लो अरुण बनाउन निर्देशन दिएको थियो ।

ऊर्जाका सहायक प्रवक्ता गोकर्णराज पन्थले तल्लो अरुणलगायतका केही आयोजना विश्व बैंकअन्तर्गतको अन्तर्राष्ट्रिय वित्त निगम (आइएफसी) को सहयोगमा विस्तृत अध्ययन गर्न लागिएको जानकारी दिए ।

ब्रस पावरले आयोजनाको सम्भाव्यता अध्ययन मात्रै गरेको छ । संखुवासभा र भोजपुरमा पर्ने आयोजनाको करिब १५ किलोमिटर मुख्य सुरुङ निर्माण गर्नुपर्नेछ । सप्तकोसी उच्च बाँध बनेमा आयोजनाको विद्युत् गृह डुबानमा पर्ने अध्ययनले देखाएको छ ।

श्रोतः अभियान, २०७२/४/१८

## उर्जा मन्त्रालय र लेखा समितिविच भएको चमेलियाको विवादमा प्रधानमन्त्री समेत तानिए

व्यवस्थापिका–संसद् मातहतको सार्वजनिक लेखा समितिले चमेलिया जलविद्युत् आयोजनामा देखिएको अनियमितताको पुनः छानबिन गरी तत्काल निर्माण शुरु गर्न ऊर्जा मन्त्रालय र नेपाल विद्युत् प्राधिकरणलाई दिइएको निर्देशन अवज्ञा भएको भन्दै प्रधानमन्त्री सुशील कोइरालाको ध्यानाकर्षण गराएको छ ।

समितिको सोमबारको बैठकले प्राधिकरणले निर्माण गरिरहेको सो आयोजनाको सुरुङ खुम्चिएको भन्दै त्यसको भेरियसनबापत रू. एक अर्ब नौ करोड रकम निकासा गर्ने भन्ने निर्णय गलत भएको र छानबिन गरेरमात्रै भुक्तानी दिन दिइएको निर्देशनको अवज्ञा भएकामा आपत्ति प्रकट गर्दै प्रधानमन्त्री र व्यवस्थापिका–संसद्मा यो विषयलाई लैजाने निर्णय गरेका छ । ऊर्जा मन्त्रालयले व्यवस्थापिका–संसद्को निर्देशनलाई उल्लङ्घन गर्दै केही दिन पहिले मात्रै लेखा समितिको निर्देशनलाई कार्यान्वयन गर्न नसकिने पत्र पठाएको थियो ।

ऊर्जाले लेखेको पत्रमा छानबिन समिति गठन गर्न सकिने उल्लेख भए पनि भुक्तानी दिन कुनै पनि अवरोध गर्न नसकिने जनाएको छ । ऊर्जाले लेखा समितिको निर्णय कार्यान्वयन गर्ने हो भने आयोजना अगाडि नबढ्नेसमेत उल्लेख गरेको छ । ऊर्जा मन्त्रालयको पत्रले व्यवस्थापिका–संसद्को अपमान भएको भन्दै समितिले प्रधानमन्त्री कोइराला र व्यवस्थापिका–संसद्को ध्यानकर्षण गराउने निर्णय गरेको सभापति जनार्दन शर्माले जानकारी दिएका छन् ।

बैठकमा सांसद् रामहरि खतिवडाले व्यवस्थापिका–संसद् मातहत समितिको निर्देशन कार्यान्वयन नगर्ने प्रवृत्ति गलत भएकाले तत्काल प्रभावकारी कदम चाल्नुपर्ने बताएका छन् । उनले ऊर्जा मन्त्री, ऊर्जा सचिवलाई कारबाहीको दायरामा ल्याउनुपर्ने र चमेलियामा देखिएको अनियमिततामा संलग्न सबैमाथि कारबाही हुनुपर्ने बताए । चमेलियाको लागत चार गुणाभन्दा बढी भएको भन्दै सांसद् जयदेव जोशीले सो आयोजनाको सुरुदेखि अहिलेसम्म सहभागी सबैलाई कारबाहीको दायरामा ल्याउनुपर्ने र सदनको निर्देशन अवज्ञा गर्नेलाई पनि कानूनी कारबाही गर्नुपर्ने बताए ।

लेखा समितिले गत असार १३ गते छानबिन गरेरमात्रै भुक्तानी दिन र छानबिन समिति गठन गर्न निर्देशन दिएको थियो । लेखाले गत मङ्सिर १७ गते सो आयोजनामा अनियमितता भएको भन्दै भुक्तानी नदिन तर, सोही बहानामा काम नरोक्न निर्देशन दिएको थियो । सो निर्देशनपछि ठेकेदारले काम रोकेको नेपाल विद्युत् प्राधिकरणले जनाएको थियो । समितिले चमेलिया जलविद्युत् आयोजनाको खुम्चिएको सुरुङ मर्मतका क्रममा सन् २०१३ को मूल्यअनुसार भेरिएसन अर्डर दिँदा प्राधिकरणलाई घाटा परेको समितिले यसअघि नै ठहर गरेको थियो ।

विगतको निर्णयमा कायम रहँदै समितिले तत्काल काम शुरु गर्न र कुनै पनि बहानाबाजी नगर्न निर्देशन दिएको समितिका सभापति जनार्दन शर्माले जानकारी दिएका छन् । प्राधिकरणले सन् २००६ को ठेक्का सम्झौतामा उल्लेख नभएको नयाँ कामका लागि छ वर्षअघिको मूल्यमा काम गर्न नमानेको भन्दै सन् २०१३ को प्रचलित दरअनुसार काम दिएको र अग्रिम भुक्तानीमात्र दिएको जनाएको थियो । आयोजनाको भेरिएसन अर्डरबापत रू. ८२ करोड ९३ लाख लाग्नुपर्ने भनिए पनि प्राधिकरणले रू. एक अर्ब नौ करोड भुक्तानी दिएको थियो । समितिले भेरिएसनबापतको रू. एक अर्ब नौ करोड भुक्तानी नदिन र दिनुपर्ने कारण स्पष्ट पेस गर्न निर्देशन दिएको थियो । लेखा समितिका सदस्य राजेन्द्र केसीको संयोजकत्वका गठित उपसमितिले आयोजनामा भ्रष्टाचार भएको ठहर गर्दै भुक्तानी नदिन निर्देशन दिएको हो । पछिल्लो पटक ऊर्जाले सो आयोजनाका सम्बन्धमा देखिएको अनियमितता छानबिन गर्न तीन सदस्यीय कार्यदल गठन गर्ने र सोही कार्यदलले दिएको प्रतिवेदनका आधारमा सुरुङ खुम्चिएको सम्बन्धमा छानबिन गर्ने आशयको पत्र लेखा समितिलाई पठाएको थियो । भौगर्भिक कारणले आयोजनाको कुल ४ दशमलव ६७ किलोमिटरमध्ये ८ सय ४३ मिटर सुरुङ खुम्चिएको थियो ।

दार्चुला र बैतडीमा निर्माणाधीन सो आयोजना सन् २००६ को जनवरीदेखि निर्माण शुरु भई सन् २०११ को मेमा सम्पन्न हुनुपर्ने थियो । पटक–पटक भेरिएसन हुँदाहुँदा सो आयोजनाको लागतसमेत रू.१५ अर्ब छ करोड पुगेको छ । *रासस*

श्रोतः कान्तिपुर, २०७२/४/१८

## खिम्ती–ढल्केवर प्रसारण लाइन विस्तार हुने

खिम्ती–ढल्केबर २२० केभी प्रसारण लाइनअन्तर्गत सिन्धुलीको कमलामाई नगरपालिका ७ मा तारपोल विस्तारका लागि दलहरू तथा प्रशासनिक निकायबीच सहमति भएको छ ।

लामो समयदेखि स्थानीय बासिन्दाले तारपोल विस्तारमा अवरोध गर्दै आएका थिए । सहमति भएलगत्तै विज्ञप्ति जारी गरेर आन्दोलनकारीले आफ्नो माग पूरा नभए पुन: अवरोध गर्ने चेतावनी दिएका छन् । शान्ति समितिका संयोजक एवं अवरुद्ध प्रसारण लाइन विस्तार समस्या समाधान समिति संयोजक प्रलाद पोखरेलका अनुसार पीडितहरूले उठाएका माग सम्बोधन गर्न छिटो मुआब्जा बुझ्न आह्वान गरिएको छ ।

राष्ट्रिय प्रसारण लाइन भएकाले सधैंको अवरोध सह्य नहुने उनको तर्क छ । प्रसारण लाइनमा परेका केही मात्रले मुआब्जा लिन बाँकी रहेको उनले बताए ।

‘खुर्कोटबाट पोल गाड्ने काम हुन्छ, जुन दिन पोल गाडिन्छ, त्यही दिनबाट सिन्धुलीलाई लोडसेडिङ मुक्त बनाउने सहमतिसमेत भएको छ,’ उनले भने ।

सकभर राज्यले बल प्रयोग नगरी सहमतिका आधारमा तारपोल विस्तार गर्न खोजेको प्रजिअ दीपकराज नेपालले बताए । उनले भने ‘हामीले मुआब्जा बुझ्न आउनुहोस्, भनेको भन्यै छौं, केही मात्र आएका छैनन्, राष्ट्रिय महत्त्वको आयोजना भएकाले निर्देशन भए लगत्तै जस्तोसुकै परिस्थितिको सामना गरेर भए पनि काम सुरु हुन्छ ।’

पीडित संघर्ष समितिका अध्यक्ष सुरेन्द्रस्वर मोक्तानका अनुसार विकल्प सहितका ७ वटा मागहरू पूरा भए तारपोल विस्तारमा अवरोध नगर्ने जनाएका छन् । माग नै सम्बोधन नभई मुआब्जा नबुझ्ने उनले अडान राखे ।

श्रोतः राजधानी, २०७२/४/१८

## चमेलिया अनियमितता प्रकरणबारे प्रधानमन्त्रीको ध्यानाकर्षण

संसद्को सार्वजनिक लेखा समितिले निर्माणाधीन ३० मेगावाटको चमेलिया जलविद्युत् आयोजनाको अनियमितता प्रकरणबारे प्रधानमन्त्री सुशील कोइरालाको ध्यानाकर्षण गराउने निर्णय गरेको छ ।

चमेलिया जलविद्युत्बारे छानबिन गर्न ऊर्जा मन्त्रालय र नेपाल विद्युत् प्राधिकरणलाई दिइएको निर्देशन अवज्ञा गरेको भन्दै पुनः छानबिनका लागि प्रधानमन्त्री कोइरालाको ध्यानाकर्षण गराउने निर्णय गरेको हो । यस विषयलाई संसद्मा समेत लगेर छानबिनका लागि आवाज उठाउने निर्णय गरेको छ ।

बैठकमा समितिका सभापति जनार्दन शर्माले अन्तिम पटक प्रधानमन्त्रीको ध्यानाकर्षण गराएर चमेलिया अनियमितता छानबिन गर्नका लागि अनुरोध गर्ने बताए ।

हालै समितिले ऊर्जा मन्त्रालयलाई चमेलियाको भेरिएसनबापत १ अर्ब ९ करोड रुपैयाँ दिने निर्णयबारे पुनः छानबिन गरी भुक्तानी गर्न भन्दै १३ असारमा नरम निर्णय गर्दै निर्देशन दिएको थियो । तर, प्राधिकरण सञ्चालक समितिले सो निर्देशन कार्यान्वयन गर्न नसक्ने निर्णय गर्दै पत्र पठाएपछि लेखा समितिको सोमबारको बैठकले सो निर्णय गरेको हो ।

प्राधिकरणले लेखालाई लेखेको पत्रमा लेखा समितिको निर्णय कार्यान्वयन भए आयोजना अघि बढ्न नसक्ने उल्लेख गरेको छ ।

समितिको बैठकमा संसदीय समितिको निर्णय अवज्ञा गर्ने र कार्यान्वयन नगर्ने निर्णयले आफूहरू अपमानित भएको भन्दै समितिका सदस्यहरूले ऊर्जामन्त्री राधा ज्ञवाली र ऊर्जा सचिव राजेन्द्रकिशोर क्षत्रीलाई कारबाही गर्नसमेत माग गरेका थिए ।

सन् २००६ देखि निर्माण सुरु भएको आयोजनाको निर्माण कार्य अझै पूरा भएको छैन भने लागतसमेत प्रतिमेगावाट ५५ करोड रुपैयाँ पुग्न लागेको छ ।

श्रोतः कान्तिपुर, २०७२/४/१९

**घलेम्दी जलविद्युत्को टनेल निर्माण धमाधम**

नीलगिरि हिमालको फेदीमा निर्माणाधीन ४ मेगावाट क्षमताको घलेम्दी जलविद्युत् आयोजनाको टनेल निर्माण धमाधम छ ।

आयोजनाको १ हजार ५ सय ५० मिटर लामो टनेनको फोर–वे र इन्टेक दुवैपट्टिबाट दिवा र रात्रि सिफ्टमा काम गरिहेको छ । आयोजनाको टनेल खन्न सय मजदुर दिनरात जुटेका छन् । आयोजनाले फोर–हेडतर्फबाट ६० मिटर र इन्टेकतर्फबाट १० मिटर टनेल पूरा भएको जनाएको छ । तर विद्युत् प्राधिकरणले आयोजनाका लागि बिजुली उपलब्ध नगराउँदा डिजेल जेनेरेटरबाट काम गर्नुपरेकाले निर्माणमा ढिलाइ हुनुका साथै लागत बढेको गुनासो व्यवस्थापकको छ ।

‘भूकम्पपछि ढुंगा खस्ने सम्भावना देखेर केही समय काम रोकेका थियौं तर निर्माणस्थलमा खासै ठूलो प्रभाव परेन । असारदेखि नै टनेलको काम सुरु गरियो,’ घलेम्दी हाइड्रो लिमिटेडका अध्यक्ष किशोर सुवेदीले भने, ‘मजदुर बस्ने क्याम्प साइटमा मात्रै ढुंगा खसेकाले सुरक्षित ठाउँमा सारेका छौं ।’ आयोजनाको पावर हाउसको एलाइमेन्ट पनि परिवर्तन गरी ५० मिटर तल सार्न लागेको उनले बताए । ०७४ असारभित्र निर्माण सक्ने लक्ष्यसहित नारच्याङ १ मा पर्ने घलेम्दी खोलामा यो आयोजना निर्माणाधीन छ । ‘रन अप द रिभर’ प्रकारको घलेम्दी खोला जलविद्युत् आयोजनाको नारच्याङ १ घलेम्दीखोलामा बाँध बनाई सुरुङबाट पानी ल्याएर २ सय ११ मिटर तल नीलगिरि खोलाको छेउमा विद्युत्गृह बनाउने योजना छ । अर्धभूमिगत विद्युत्गृहबाट निस्कने पानीलाई टेलरेसमार्फत नीलगिरि खोलामा मिसाइने आयोजनाले जनाएको छ ।

‘हाम्रो सुरुङसम्म पुग्ने सडक नहुँदा मानव श्रममा बढी निर्भर हुनुपरेको छ । पावरहाउससम्म सडक जोड्ने काम पूरा भएपछि काम अझ छिटो हुन्छ,’ आयोजनाका प्रबन्ध निर्देशक प्रमोद श्रेष्ठले भने, ‘डिस्टभेन्स नभएकाले काम गर्न सजिलो छ ।

श्रोतः राजधानी, २०७२/४/१९

**तनहुँ जलविद्युत् आयोजनाको परामर्शदाताद्वारा काम सुरु**

परामर्शदाता छनोटकै क्रममा ठुलो विवादमा परेको तनहुँ (माथिल्लो सेती) जलविद्युत् आयोजनाको परामर्शदाताले काम सुरु गरेको छ । तनहुँ जलविद्युत् आयोजनाको परामर्शदातामा नियुक्त ल्याहमेर र मनितोबाको संयुक्त कम्पनी परामर्शदाता कम्पनीले काम सुरु गरेको हो ।'तनहुँ जलविद्युत् आयोजनाको परामर्शदाता कम्पनीले आफ्नो काम सुरु गरेको छ,' आयोजनाका प्रमुख सुनिल ढुंगेलले भने, 'आगामी १० अगस्टमा ऊर्जा मन्त्रालय, नेपाल विद्युत् प्राधिकरण, तनहुँ जलविद्युत् आयोजनालगायतका सरोकारवालासँग छलफल गरेर सुरुआती प्रतिवेदन तयार गरी सोहीअनुसार कार्यान्वयन अघि बढाउनेछ ।'

आयोजनाका अनुसार, सरोकारवाला निकायहरूले दिने सुझावका आधारमा बन्ने सो प्रतिवेदनको आधारमा परामर्शदाताले गर्ने कामको तय र कार्यान्वयन विधि अघि बढ्नेछ । छनोटको जिम्मा पाएको एसियाली विकास बैंक (एडीबी) ले छनोट गरेको परामर्शदातालाई ऊर्जा मन्त्रालयले अस्वीकार गरेपछि मन्त्रिपरिषद्बाटै ठुलो विवादबिच ल्याहमेर र मनितोबा क्यानाडाको संयुक्त कम्पनीलाई छनोट गरिएको थियो ।

यही विवादका कारण सन् २०२० भित्र आयोजना सम्पन्न गर्ने गरी २०१४ को जनवरीमा ठेक्का सम्झौता गरेर फेब्रुअरीदेखि परामर्शदातालाई काममा खटाइसक्ने लक्ष्य राखिएकोमा झन्डै डेढ वर्षपछि सम्झौता ढिलाइ भएको हो । एक महिनाअघि मात्र तनहुँ हाइड्रो पावर कम्पनी र परामर्शदाताबिच सम्झौता भएको थियो । पहिला सन् २०१८ मै सम्पन्न गर्ने लक्ष्य राखिए पनि सरकारकै कारण दुई वर्ष ढिलाइ भएको सो आयोजनामा निर्माणमा कुनै अवरोध नआएमा सन् २०२२ भित्र सम्पन्न गर्ने लक्ष्य राखिएको छ ।

१२ वर्षका लागि भएको सो परामर्शदाता कम्पनीले परामर्श सेवाका लागि १ करोड ३४ लाख २१ हजार १ सय ९० युरो तथा ८१ लाख ५६ हजार २० अमेरिकी डलर पाउनेछ । सम्झौताअनुसार, तिन चरणमा परामर्श सेवा कार्यान्वयन हुनेछ ।

एक वर्ष आयोजना पूर्वाधारको निर्माण, विस्तृत इन्जिनियरिङ अध्ययन तथा डिजाइनसम्बन्धी प्रतिवेदन अध्ययन (रिभ्यू) तथा मुख्य निर्माण कार्यका लागि टेन्डर आह्वान गरी ठेकेदार छनोटलगायतमा परामर्शदाता सक्रिय हुनेछ ।

यसैगरी सम्झौता अनुसार, परामर्शदाताले दोस्रो चरणको ६ वर्ष आयोजनाको मुख्य निर्माण कार्यको अनुगमन तथा सुपरीवेक्षण कार्य गर्नु तथा अन्तिम चरणको पाँच वर्षमा विद्युत् उत्पादनको सञ्चालन तथा सम्भारका कार्य हुनेछ । यी सबै कार्य सुरुआती प्रतिवेदनको आधारमा हुनेछ ।

एसियाली विकास बैंक (एडीबी) ले ल्याहमेरलाई छनोट गरेकामा त्यसप्रति असन्तुष्ट जनाउँदै ८ असोजमा ऊर्जामन्त्री राधाकुमारी ज्ञवालीले सो छनोटलाई रद्द गरेकी थिइन् । त्यसपछि एडीबीले आयोजनाबाट हात समेत झिक्ने चेतावनी दिएपछि १७ पुसमा मन्त्रिपरिषद्ले ऊर्जामन्त्रीको निर्णय उल्टाएर ल्याहमेरलाई दिने निर्णय गरेको थियो ।

मन्त्रिपरिषद्को निर्णय भएको सात दिनभित्रै तनहुँले नेगोसेसनका लागि ल्याहमेरलाई पत्र लेखेको थियो । पटक पटक वार्ता भए पनि आयकर नेपालले नै तिर्नुपर्ने सर्त राखेकामा कम्पनीले त्यसलाई अस्वीकार गरेपछि प्राधिकरण र परामर्शदाता कम्पनीबिच विवाद भएको थियो । त्यसपछि तनहुँ बोर्डले १५ दिनभित्र ठेक्का सम्झौताका लागि गत चैतको दोस्रो साता १५ दिनभित्र सम्झौतामा नआए ठेक्का तोडेर विकल्पमा जाने चेतावनी दिएको थियो । सो चेतावनीपछि परामर्शदाता कम्पनी ठेक्का सम्झौताका लागि आएको थियो ।

५ सय ५ मिलियन अमेरिकी डलर अर्थात् झन्डै ५० अर्ब रुपैया“ लागत भएको सो आयोजनामा जापानको अन्तर्राष्ट्रिय सहयोग एजेन्सी (जाइका) को १८ अर्ब रुपैया“ (१८४ मिलियन डलर), एडीबीको करिब १५ अर्ब रुपैया“ (१५० मिलियन डलर) र युरोपियन इन्भेस्टमेन्ट बैंक (ईआईबी)को करिब साढे ६ अर्ब (८५ मिलियन डलर) सहयोग रहनेछ ।

जापान सरकारलाई जापान अन्तर्राष्ट्रिय सहयोग नियोग (जाइका) को प्राविधिक सहयोगअन्तर्गत स्तरवृद्धि सम्भाव्यता अध्ययनका लागि आग्रह गरेपछि जाइका अध्ययन टोलीले २०६२ सालको हिउँदबाट सो अध्ययन सुरु गरेको थियो ।

हाल यस आयोजनाको विस्तृत इन्जिनियरिङ अध्ययन र डिजाइन कार्य एसियाली विकास बैंकको आर्थिक सहयोगमा जापानिज अन्तर्राष्ट्रिय परामर्शदाता जे पावरले गरेको थियो ।

श्रोतः गोरखापत्र, २०७२/४/१९

## मोदीखोला जलविद्युत् आयोजना सञ्चालन

अविरल वर्षाका कारण मोदीखोलामा बाढी आउँदा बाढी पहिरोका कारण बन्द भएको पर्वतको पातीचौरस्थित १४ दशमलव ८ मेघावाट क्षमताको मोदीखोला जलविद्युत् आयोजनाबाट उत्पादन सुरु भएको छ । आयोजनाको इन्टेकमा बाढीले जम्मा गरेको ट्र्यास ¥याक सफा गर्ने तथा क्षतिग्रस्त प्रसारणलाईन मर्मत पछि विद्युत् उत्पादन सुरु भएको हो । पर्वतको तिलहार गाविस–९ बेतनीमा गएको पहिरोले प्रसारण लाइनमा क्षति पु¥याएपछि बुधबार रातिदेखि विद्युत् उत्पादन बन्द भएको थियो । नेपाल विद्युत् प्राधिकरणको स्वामित्वमा रहेको आयोजनाबाट मर्मत पछि १० मेघावाट विद्युत् उत्पादन भएको छ । पहिरोले अवरुद्ध पोखरा बागलुङ राजमार्ग मर्मत पछि क्षतिग्रस्त प्रसारण लाइन मर्मत गरी विद्युत् उत्पादन सुरु गरिएको मोदीखोला जलविद्युत् केन्द्रका प्रमुख तारादत्त भट्टले जानकारी दिनुभयो । यसैगरी मोदीखोलामा आएको बाढीले चुवास्थित विद्युत् गृहमा क्षति पु¥याएपछि १० मेघावाट क्षमताको तल्लो मोदीखोला एक जलविद्युत् आयोजनाको उत्पादन बन्द भएको छ । बाढीले विद्युत् गृहको सुरक्षाका लागि लगाइएको पर्खाल भत्काएर विद्युत् गृहमा नै बाढी पसेपछि बन्द भएको सो आयोजना मर्मतका लागि दुई महिनाभन्दा बढी समय लाग्ने छ ।

आयोजनामा रु ३० करोडको क्षति भएको आयोजना निर्देशक उपेन्द्र गौतमले बताउनुभयो । रासस

श्रोतः नयाँ पत्रिका, २०७२/४/१९

## ऊर्जाले नमानेपछि प्रधानमन्त्रीलाई निर्देशन

संसद्को सार्वजनिक लेखा समितिले चमेलिया जलविद्युत् आयोजनाको साँघुरिएको (इस्क्विचिङ) सुरुङ खोल्न लाग्ने खर्चको पुनर्मूल्यांकन गर्न दिइएको निर्देशन कार्यान्वयन गर्न प्रधानमन्त्री सुशील कोइरालालाई निर्देशन दिएको छ । समितिको सोमबारको बैठकले यसअघि दिइएको निर्देशन कार्यान्वयन गर्न ऊर्जा मन्त्रालय र विद्युत् प्राधिकरणले अस्वीकार गरेको भन्दै निर्णय कार्यान्वयन गराइदिन प्रधानमन्त्री कोइरालालाई निर्देशन दिएको हो ।

प्राधिकरण सञ्चालक समितिको २७ असारको ७१२औँ बैठकले खर्चको पुनर्मूल्यांकन गर्न कानुनी जटिलता देखिएको भन्दै लेखा समितिको निर्देशन कार्यान्वयन गर्न अस्वीकार गरेको थियो । प्राधिकरणले निर्देशन पुनरावलोकनका लागि लेखा समितिलाई आग्रह गरेको थियो ।

समिति सभापति जनार्दन शर्माले चमेलियाका बारेमा यसअघि गरिएका निर्देशनबाट समिति कुनै पनि हालमा पछि नहट्ने बताए । 'प्राधिकण सञ्चालक समितिले आफ्नो स्वार्थ र फाइदाअनुसार भएका भुक्तानी दिने नत्र निर्देशन कार्यान्वयन नगर्ने निर्णय गरेको देखिन्छ,' सभापति शर्माले भने, 'निर्देशन कार्यान्वयनका लागि प्रधानमन्त्रीलाई निर्देशन दिएका छौँ, प्रधानमन्त्रीले पनि निर्देशन कार्यान्वयन नगरे विषयलाई संसद्को बैठकमा प्रवेश गराउँछौँ ।'

उनले प्राधिकरण सञ्चालक समितिको निर्णय ठेकेदारसँग गरिएको सम्झौताविपरीत भएको बताए । लेखा समितिको १३ असारको बैठकले साँघुरिएको सुरुङ खोल्न लाग्ने खर्चको पुनर्मूल्यांकन गरी मात्रै ठेकेदारलाई भुक्तानी दिन ऊर्जा मन्त्रालय र प्राधिकरणलाई निर्देशन दिएको थियो । परामर्शदाताले गरेको लागत सिफारिसलाई प्राधिकरणको इन्जिनियरिङ विभागबाट पुनर्मूल्यांकन गराएर मात्रै ठेकेदारलाई भुक्तानी दिन समितिको निर्देशन थियो ।

आयोजनाको ठेकेदार कम्पनी चाइना गेजुवा ग्रुप अफ कम्पनिज (सिजिजिसी) ले भुक्तानी नपाएसम्म इस्क्विचिङ खुलाउने काम नगर्ने बताउँदै आएको छ ।

प्राधिकरणले ठेक्का सम्झौतामा तोकिएको र स्वीकार गरेको पक्षबाहेक अन्य कसैले करार प्रशासनलाई निर्देशन दिन नसक्ने ठहर गरेको थियो । अन्य पक्षले दिएका निर्देशनले पछि ठेक्कालाई जटिलतातिर लाने प्राधिकरणले निर्णय गरेको थियो ।

सभापति शर्माले प्राधिकरणको यस्तो निर्णय ठेक्का सम्झौताविपरीत भएको जिकिर गरे । 'प्राधिकणको निर्णय ठेक्का सम्झौताविपरीत छ, उनीहरूले भनेअनुसार भए लेखा समितिको निर्देशन मान्ने नभए नमान्ने स्प्रिटमा निर्णय भएको छ,' उनले भने । प्राधिकरणले कमजोर भू–बनावटका कारण साँघुरिएको सुरुङ खुलाउन १ अर्ब ९ करोड ३८ लाख रुपैयाँ (भ्याटसहित) को लागत स्वीकृत गरेको थियो ।

चलनचल्तीभन्दा बढी दर स्वीकृत गरी अनियमित रूपमा लागत स्वीकृत गरेको भन्दै समितिले भुक्तानी रोक्न निर्देशन दिएको थियो । लेखाले भुक्तानी रोक्ने निर्णयबाट पछि हट्दै प्राधिकरणको इन्जिनियरिङ विभागबाट पुनर्मूल्यांकन गराएर मात्रै ठेकेदारलाई भुक्तानी दिन निर्देशन दिएको थियो ।

बैठकमा सभासद्ले लेखा समितिको निर्णय कार्यान्वयन नगर्न ऊर्जामन्त्री राधाकुमारी ज्ञवाली र सचिव राजेन्द्रकिशोर क्षेत्री लागेको आरोप लगाउँदै कारबाहीको माग गरेका थिए । ‘लेखा समितिलाई दोष देखाएर चमेलिया बन्न नदिन ठूलो गिरोह लागेको छ, लेखाको टाउकामा तीर राखेर अन्य ठाउँमा पट्काउने जस्तो देखिएको छ,’ सभासद् रामहरि खतिवडाले भने । सभासद् धनराज गुरुङले अनियमिततामा संलग्न व्यक्तिले लेखालाई देखाएर भाग्न खोजेको बताए ।

सभासद् टेकबहादुर बस्नेतले चमेलियामा अनियमितता भएको प्रतिवेदन आइसक्दा पनि कसैलाई कारबाही नहुनु दुर्भाग्यपूर्ण भएको टिप्पणी गरे ।

अख्तियार दुरुपयोग अनुसन्धान आयोगले पनि भेरिएसनमा भएको अनियमितता छानबिन गरिरहेको छ । अख्तियारले चमेलियाबारे ‘औचित्य र आवश्यकताका आधारमा उपयुक्त निर्णय लिन’ निर्देशन दिइसकेको छ । अख्तियारले निर्णय प्रक्रियामा संलग्न पूर्व तथा हालका सञ्चालक, कार्यकारी निर्देशन र प्राधिकरणका उच्च तहका कर्मचारीसँग बयान लिइरहेको छ ।

श्रोतः कान्तिपुर, २०७२/४/२०

# विवादको घेरामा ऊर्जामन्त्री ज्ञवाली

*लोकमणि राई*

ऊर्जामन्त्री नियुक्त हुने बित्तिकै अघिल्लो चैतमा एसएलसी परीक्षाको बेला लोडसेडिङ नगर्ने घोषणा गरेकी थिइन्। तर लोडसेडिङ रोकिएन। सुरुमा मन्त्रीले विद्युत्को अवस्था जानकारी नपुगेको होला भन्दै सर्वसाधारणले त्यसलाई त्यति महत्त्व दिएनन्। लोकसेवा आयोग र न्याय सेवा आयोगको विरोध हुँदाहुँदै पनि उनले कानुनका राजेन्द्रकिशोर क्षेत्रीलाई सचिव बनाएर छाडिन्।

तर उनका अपरिपक्व निर्णय एकपछि अर्को गर्दै मुलुकको विकासमै प्रभाव पार्ने गरी हुन थाले। पहिलो विवादास्पद निर्णय डलरमा विद्युत् खरिद सम्झौता (पीपीए) नगर्ने उनको अडान थियो। स्वदेशी लगानी नभएको अवस्थामा जलविद्युत्मा विदेशी लगानी निरुत्साहित हुने भन्दै स्वतन्त्र ऊर्जा उत्पादकहरूको संस्था नेपाल (इप्पान) ले चर्को विरोध पनि गर्‍यो। पहिले डलर पीपीए नगर्ने ठोकुवा गरेकी मन्त्री ज्ञवालीले पछि अध्ययन गरेर टुंगो लगाउने प्रतिबद्धता संसदको लेखा समितिमा जनाइन्। समितिले अध्ययन त गर्‍यो तर पीपीए हुने नहुने टुंगो अझै लागिसकेको छैन। यसले मुलुकको जलविद्युत् क्षेत्रमा विदेशी लगानीको भविष्यमाथि अन्योल बढेको छ। विद्युत् प्राधिकरण सञ्चालक समिति अध्यक्षको हैसियतले मन्त्री ज्ञवालीले करिब ६ महिनाअघि सोलु करिडोर प्रसारण लाइनमा ठेकेदारको आर्थिक र प्राविधिक योग्यता परिवर्तन गराइन्। यसबाट आर्थिक र प्राविधिक क्षमता कमजोर भएका ठेकेदारले पनि ठेक्का प्रक्रियामा सहभागी हुने मौका पाए। २०७० फागुन १३ मा ऊर्जामन्त्री नियुक्त भएकी राधाकुमारी ज्ञवालीले करिब १८ महिनाको कार्यकालका साना ठूला गरी करिब २ दर्जन विवादित निर्णय गरेकि छिन्।

करिब डेढ महिनाअघि कोसी करिडोर प्रसारण लाइनमा ठेकेदारको आर्थिक तथा प्राविधिक योग्यता घटाउन खोज्दा उनी चर्को विवादमा तानिइन्। प्राधिकरणका कार्यकारी निर्देशक मुकेशराज काफ्लेको विरोधका कारण योग्यता घटाएर आफू निकट ठेकेदारलाई ठेक्का प्रक्रियामा सहभागी गराउने उनको योजना दोस्रो पटक भने तुहियो।

सर्वसाधारणसँग प्रत्यक्ष जोडिएको निर्णयमा पनि उनको अपरिपक्वता देखियो। सञ्चालक समितिका सदस्यहरूले हस्ताक्षर गरेको कागजात ज्ञवालीले ९ महिनासम्म 'हरायो' भन्दै लुकाएर विद्युत् महसुल बैंकमार्फत तिर्ने व्यवस्था लागू हुनबाट रोकिन्। सञ्चालक समितिले प्राइम बैंकलाई उपभोक्ताले तिर्ने महसुल जम्मा गर्न 'आउटसोर्सिङ' गर्ने निर्णय गरेको थियो। ९ महिनासम्म रोकिएका फाइल मन्त्री ज्ञवालीले अकस्मात करिब डेढ साताअघि सदर गरिन् र सोही बैंकलाई महसुल उठाउने जिम्मा दिइन्। 'मन्त्रीज्यूले अकस्मात बोलाउनुभयो र प्राइम बैंकलाई आउटसोर्सिङ गर्न फेरि अर्को कागज तयार गरी हस्ताक्षर गराउनुभयो,' एक जना सञ्चालकले भने, 'अकस्मात के पर्‍यो कुन्नि।'

कर्मचारीहरूको विरोध, धर्ना र घेराउका बाबजुद करिब डेढ महिनाअघि विवादित सीजीजीसी नामक चिनियाँ कम्पनीलाई १ सय ८० मेगावाटको आँधीखोला जलविद्युत् आयोजना अध्ययन गरी निर्माण गर्न बाटो खोलिदिइन्। संसदको कृषि तथा जलस्रोत समितिले ६ पटक निर्देशन दिँदा पनि मन्त्री ज्ञवालीकै स्वार्थमा तयार भइसकेको विद्युत् ऐन र नियमन आयोगको विधेयक छलफलका लागि समितिमा पेस गरेको छैन। मन्त्रालयले आफैंले पेस गर्न तोकेको सयम सीमा पटक पटक मिचिएको छ। 'आँधीखोलापछि दूधकोसी र उत्तरगंगाजस्ता ठूला जलाशययुक्त

आयोजना निजी क्षेत्रलाई सोझै नेगोसिएसन गरी दिने तयारी छ,' मन्त्रालय स्रोतले भन्यो, 'विद्युत् विधेयकअनुसार आँधीखोलासहित कुनै पनि आयोजना नेगोसिएसन गरेर सोझै दिन मिल्दैन। समस्या हुन्छ भनेर विधेयक रोकिएको हो।'

**तनहुँ जलविद्युत् आयोजनाको**

परामर्शदाता नियुक्ति प्रक्रिया ऊर्जामन्त्रीकै इतिहासमा सम्भवत: सबैभन्दा लाजमर्दो घटना हो। करिब ४ महिनाअघि उनले कान्साइ इलेक्ट्रिक न्युजेक पावर नामक कम्पनीलाई परामर्शदाता नियुक्त गरेकी थिइन्। पछि मन्त्रिपरिषद्मा आफैं प्रस्ताव लगेर ल्हेमेयर इन्टरनेसनललाई परामर्शदाता नियुक्त गराई आफ्नो निर्णय आफैं उल्टाइन्।

प्राधिकरण सञ्चालक सुरज लामिछानेको लिखत मागका आधारमा ज्ञवालीले कानुन, अभ्यास र प्रचलन विपरीत प्राधिकरणको पदपूर्ति विभागका निर्देशक हुमबहादुर केसीको सरुवा स्थगन गर्न प्राधिकरणका कार्यकारी निर्देशक काफ्लेलाई लिखत निर्देशन दिइन्। वरिष्ठतालाई मिचेर प्राधिकरणका ११ औं तहका विवादित कर्मचारी लीलानाथ भट्टराईलाई बढुवा गर्न हदैसम्मको प्रयत्न गरिन्। पञ्चेश्वर प्राधिकरणको प्रमुख कार्यकारी अधिकृतमा सिफारिस गरिएका व्यक्तिलाई नभएर आफू निकटलाई नियुक्त गर्न नियुक्ति प्रक्रिया करिब ६ महिना लम्ब्याएर विवादमा तानिइन्। प्रमुख कार्यकारी अधिकृतको नियुक्तिमा ढिलाइले पञ्चेश्वरको डीपीआर निर्माणमा नेपालले सुरुदेखि सुपरीवेक्षण गर्न सकेन।

ऊर्जामन्त्री ज्ञवालीले चिलिमेका तत्कालीन प्रबन्ध सञ्चालक कुलमान घिसिङलाई बिनाकारण हटाउँदा रसुवाका स्थानीय बासिन्दाले विरोधमा करिब १ महिना आन्दोलन गरे। करिब ३ महिनाअघि ज्ञवाली स्वार्थ बाझिने गरी बुढीगण्डकीको परामर्शदाताको आतिथ्यमा फ्रान्स भ्रमणमा गइन्। अर्को महिना हुन लागेको प्राविधिक प्रशिक्षणमा जापान जान प्राधिकरणले सिफारिस गरेको प्राविधिकको नाम हटाएर उनले मन्त्रालयका प्रशासनको कर्मचारीका नाम राखेकी छन्।

चमेलियाको साँघुरिएको सुरुङ खोल्न ज्ञवालीले मूल्यांकन नगरी स्वीकृत गरेको भेरिएसन पनि विवादित निर्णय हो। उनले ८ सय ४३ मिटर सुरुङ खोल्न करिब १ अर्ब ९ करोड रुपैयाँ भेरिएसन स्वीकृत गरेपछि संसद्को लेखा समितिले छानबिन गरी त्यसमा करिब ५५ करोड रुपैयाँ अनियमितता भएको ठहर गर्‍यो। त्यसमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगले छानबिन गरिरहेको छ। सुरुङको काम ठेकेदारले भुक्तानी नपाएको भन्दै करिब एक वर्षदेखि रोकेको छ।

अख्तियारले अनुमतिपत्र खारेजी गरेका १४ जलविद्युत् आयोजनामध्ये ३७ दशमलव ६ मेगावाटको काबेली ए को मात्र पुन: अनुमतिपत्र दिएर उनी विवादमा तानिइन्। अहिले १४ मध्ये उत्पादन अनुमतिपत्र पाएका माथिल्लो सोलुखोला, माथिल्लो खोरुङ्गा खोला, माथिल्लो मैलुङ, मिदिम र इङ्वा खोला जलविद्युत्आयोजनाका प्रवद्र्धक मन्त्रालय र मन्त्री क्वाटर धाइरहेका छन्। 'मन्त्रिज्यूले पुन: अनुमतिपत्र दिन्छौं भनेको लामो समय भइसक्यो,' एक जना प्रवद्र्धकले भने, 'तर, लामो समय भइसक्यो झुलाइरहनुभएको छ।'

दूरी बढ्दै गएपछि पछिल्लो समय ऊर्जामन्त्री ज्ञवालीले कार्यकारी निर्देशक काफ्लेलाई हटाउने उद्देश्यले पहिलो ३ महिनाको कार्यसम्पादनलाई लिएर स्पष्टीकरण सोधेकी छन्। आफूलाई 'अन्यायपूर्ण' तरिकाले हटाउने संकेत पाएपछि काफ्ले स्पष्टीकरणविरुद्ध पुनरावेदनमा समेत जाने तयारी गरिरहेका छन्। 'कार्य सम्पादन सम्झौताको प्रक्रियाअनुसार जान्छु,' पुनरावेदन जाने हो? भन्ने प्रश्नमा काफ्लेले भने।

ऊर्जा मन्त्रालयको कामको सुपरीवेक्षण गरिरहेको कृषि तथा जलस्रोत समितिका सभापति गगनकुमार थापाले मन्त्रालय र मन्त्रीको कार्यसम्पादन ज्यादै निराशाजनक र गैरजिम्मेवारपूर्ण भएको टिप्पणी गरे। 'आफैंले पटकपटक मिति तोकेर गर्छु भनेको काम भएन। कतिपय विषयमा ऊर्जा मन्त्रालयको एउटा र ऊर्जामन्त्रीको अर्को दृष्टिकोण देखियो,' उनले कामको समग्र मूल्यांकन गर्दै भने, 'आर्थिक वर्षका लागि भनेर तय भएका योजना र कार्यक्रममा दत्तचित्त भएर ज्यादै कम लागेको पाइयो। चिलिमे र आँधीखोलामा हात हालेको हिसाबले कुनै न कुनै रूपमा रुचि अन्तैतिर भएको देखियो।'

**'भविष्यमा सन्तोष लिने ठाउँ छ'**

तत्कालको अवस्था हेरेर मेरो आलोचना गरे पनि भविष्यका लागि केही आशावादी काम मैले गरेकी छु। दुःखका साथ भन्नुपर्छ चौतर्फी रूपमा मेरा हात बाँध्ने काम भएकै हुन्। जसले केही नगरेको जस्तो देखिएको हो। सरकारमा आए लगत्तै 'उज्यालो नेपाल समृद्ध नेपाल' भन्ने नारा ल्याएँ। एसएलसीमा लोडसेडिङ नगर्ने भने। महिला दिदीबहिनीको सुविधाका लागि साँझमा लोडसेडिङ नगर्ने भनेको हो। बोल्दा केही विचार नपुगेको हुन सक्छ। तर भारतबाट विद्युत् ल्याउने, साना आयोजनाको काम तत्काल सक्ने, वैकल्पिक ऊर्जा प्रर्वद्धनबाट पनि केही काम गरेर लोडसेडिङ घटाउने सोच थियो। त्यसका लागि आवश्यक रकम अर्थ मन्त्रालयले सहयोग गरेन। हरेक कार्यक्रममा अवरोध मात्रै भयो। अर्थमन्त्रीले खल्तीबाटै पैसा दिनुपर्छ जस्तो गर्नुहुन्छ। डलरमा पीपीए नगर्ने विषयमा संसदको समितिबाट नै अवरोध भयो। सार्वजनिक लेखा समितिले अध्ययनका लागि समिति बनायो। एउटा पनि बैठक बसेन।

हामीले छुट्टै समिति बनाएका थियौं। अब डलरमा पीपीए गर्ने काम अघि बढाउने तयारीमा छौं।

प्रमुख कार्यकारीलाई काम लगाउने विषयमा पनि अवरोध हुने गरेका छन्। संसदका समितिमा पनि अवरोध, अदालतबाट पनि अवरोध भयो। यस्तो अवस्थामा केही काम नगरेजस्तो देखिएपछि मैले नेतृत्व गरेको १८ महिनामा आशलाग्दा काम भएका छन्। भारतसँग विद्युत् व्यापार सम्झौता (पीटीए) भयो। लगानी बोर्डसँग समन्वय गरेर ठूला आयोजनाका काम अघि बढाएकी छु। लगानी आकर्षण गर्न छुटका निर्णय पनि गराउन सफल भएँ। ग्रामीण विद्युतीकरणका काम पनि प्राथमिकताका साथ अघि बढेका छन्। त्यसैले जसरी खाडी मुलुकमा तेलबाट पैसा अर्जन भएको छ, मैले पानीबाट पैसा आर्जन हुने बाटो खोलेकी छु। भविष्यका लागि सन्तोष लिने ठाउँ छ।

श्रोतः कान्तिपुर, २०७२/४/२०

## २७ वर्षपछि नलसिंह गाडमा डीपीआर

*भीमबहादुर सिंह*

देशकै ठूलो मध्येको एक नलसिंह गाड जलविद्युत् आयोजनाको डीपीआर सुरु हुने भएको छ। आयोजना पहिचान भएको २७ वर्षपछि यो वर्षदेखि डीपीआर (विस्तृत आयोजना प्रतिवेदन) को काम सुरु हुने भएको हो।

आयोजना विकास समितिले चालू आर्थिक वर्षमा उक्त कार्यका लागि २४ करोड ३५ लाख विनियोजन गरेको छ। डीपीआरका लागि अन्तर्राष्ट्रिय सूचीकृत परामर्शदाताहरूबाट दर्ता भएका आर्थिक तथा प्राविधिक प्रस्तावको मूल्यांकन भइरहेको आयोजना विकास समितिका अध्यक्ष शेरबहादुर शाहीले बताए।

'छनोट भएका परामर्शदाताले नै आयोजनाको सम्भाव्यता अध्ययनलाई परिमार्जन गरी विद्युत् उत्पादन तथा प्रसारण लाइनको वातावरणीय प्रभाव मूल्यांकनको कार्य गर्नेछ,' अध्यक्ष शाहीले भने। चालू आर्थिक वर्षमा सरकारले आयोजनाको लागि ४७ करोड ५२ लाख छुट्याएको छ। ४ सयदेखि ६ सय मेगावाट विद्युत् उत्पादन क्षमता भएको यो आयोजनाको बाँधस्थल र जलाशय आसपासमा अटोमेटिक एन्ड डिसार्ज गेजिङ तथा वेदर स्टेसन स्थापना गर्नेलगायत सम्भावना अध्ययनका काम भएका छन्।

विल्डिङ एन्ड क्याम्प प्लान, वाटरसेड म्यानेजमेन्ट प्लान, फाइननसयल मोडालिटी स्टडी, मार्केट सर्भे, ल्यान्ड एन्ड प्रोपर्टी इन्भेन्टोरी सर्भे, सोसियोइकनोमिक बेसलाइन सर्भे, हाइड्रोलोजिकल, भूकम्प सर्भे, भौगर्भिक सर्भे, कोर ड्रिलिङ, पावर अटिमाइजेसन, फिल्ड सर्भेलगायत सम्भाव्यता अध्ययनका कार्य सम्पन्न भइसकेको शाहीले बताए।

गत आर्थिक वर्षदेखि आयोजनाले जग्गा अधिकरण तथा त्यसको मुआब्जा वितरण र भौतिक पूर्वाधारको कार्य गर्दै आएको छ। गत आर्थिक वर्षमा पावरहाउस साइड दल्ली क्षेत्रको २ सय ३९ रोपनी जग्गा अधिकरण गरेर सोको ११ करोड मुआब्जा वितरण गरेको शाहीले बताए। आयोजनाको बाँधस्थलमा थप ६ हजार रोपनी जग्गा अधिकरण हुने भएको छ। आयोजनाको विद्युत् गृहदेखि बाँधस्थल सम्मको पहुँचमार्ग, शिविर कार्यालय भवन र समुदाय सहयोग कार्यक्रम अन्तर्गतका विभिन्न योजनाहरूको निर्माण भइरहेको उनले बताए।

त्यस्तै चालू आर्थिक वर्षमा बाथिमेट्रिक सर्भे र आयोजनाको कन्स्ट्रक्सन पावरको लागि अर्को साना जलविद्युत् आयोजनाको विस्तृत अध्ययनको कार्य गरिनेछ। कन्स्ट्रक्सन पावरका लागि रग्दा गाविसको चौखास्थित ताँसुगारको विस्तृत अध्ययन गरिने निश्चित भएको शाहीको भनाइ छ। चालू आर्थिक वर्षमै

बाँधस्थलसम्मको पहुँच मार्गको ट्र्याक ओपन सम्पन्न र सडकको खारामा पुलको निर्माण कार्य पनि सुरु हुने भएको छ।

सरकारले बूढीगण्डकी र नलसिंहगाड जलविद्युत् आयोजनालाई उच्च प्राथमिकतामा राखेको छ। सम्भाव्यता अध्ययन भएकामध्ये देशमै सबैभन्दा उपयुक्त र सस्तो मेघा प्रोजेक्ट नलसिंह गाड भएको शाहीको भनाइ छ। नलगाड विवादरहित आयोजना पनि हो। तर यसको निर्माणले गति लिन सकेको छैन। सरकार तथा राजनीतिक दलका नेताको सक्रियता नहुँदा अयोजना छिटो निर्माणतर्फ अघि बढ्न नसकेको हो। आयोजनाको निर्माण सन् २०२३ सम्म सम्पन्न गर्ने र १ खर्बको लागत खर्च अनुमानको लक्ष्य राखिए पनि यसको व्यवस्थापन हुन बाँकी नै छ।

निर्माण सम्पन्न भएमा आयोजना मध्यपश्चिमकै ऊर्जाको प्रमुख स्रोत बन्नेछ र देशकै लोड पिक अपको पूर्ण ग्यारेन्टी गर्ने शाहीको भनाइ छ। यो आयोजना वातावरणमैत्री, ड्याम कम पुरिने, जलाशयको आयु दिगो रहने, खेतीयोग्य जमिनको न्यून क्षति हुने, विस्थापन कम हुने र भौगर्भिक अवस्था मजबुत मानिएको छ। आयोजना निर्माणका क्रममा २ सय हेक्टर जमिन र १ सय ५० घरधुरीका ८ सय स्थानीय प्रभावित हुनेछन्।

श्रोतः कान्तिपुर, २०७२/४/२०

**ऊर्जाद्वारा प्राधिकरण कार्यकारी निर्देशकसँग स्पष्टीकरण माग**

विभिन्न विभिन्न निर्णयमा जुहारी बढदै गएपछि असन्तुष्ट बनेको ऊर्जा मन्त्रालयले विद्युत प्राधिकरणका कार्यकारी निर्देशकसँग स्पष्टीकरण सोधेको छ। प्राधिकरणका कार्यकारी निर्देशक मुकेशराज काफ्लेको पहिलो ३ महिनाको कार्य सम्पादनलाई लिएर ‘स्पष्टीकरण’

सोधेको हो।

एक वर्षअघि नियुक्त भएका काफ्लेले ऊर्जाका विभिन्न निर्णयमा आपत्ति जनाएपछि असन्तुष्ट मन्त्रालयले पहिलो तीन महिनाको कार्यसम्पादनका विषयमा प्रश्न गरेको हो। स्रोतका अनुसार काफ्लेलाई हटाउने तयारीका साथ कारबाही प्रक्रिया अघि बढाएको हो।

काफ्लेले प्राधिकरणको खरिद प्रक्रिया, सरुवा बढुवा र विदेश भ्रमणमा ऊर्जाले हस्तक्षेप गरेकामा आपत्ति जनाउँदै आएका थिए। ऊर्जाले प्राधिकरणका खरिदमा ठाडो हस्तक्षेप गर्ने गरेको थियो। विदेश भ्रमणमा पनि प्राधिविकलाई पठाउनुपर्नेमा ऊर्जा मन्त्रालयले प्रशासनका कर्मचारीलाई प्राथमिकतामा राख्ने गरेको थियो।

‘कार्य सम्पादनमा चित्त नबुझेको भए तत्काल स्पष्टीकरण सोध्न सकिन्थ्यो,’ ऊर्जा मन्त्रालय स्रोतले भन्यो, ‘काफ्लेलाई कार्यकारी निर्देशकबाट हटाउने नियतले ९ महिनापछि स्पष्टीकरण सोधिएको हो।’

काफ्लेले पहिलो ३ महिनामा गरेको कामको प्रतिवेदन त्यतिबेलै मन्त्रालयमा बुझाएका थिए। उक्त प्रतिवेदनमाथि अध्ययन गरी सम्झौताअनुसार ४८ प्रतिशत मात्र कार्य सम्पादन गरेको मूल्यांकन प्रतिवेदन मन्त्रालयले तयार गरेको छ।

कार्य सम्पादन सम्झौताअनुसार ५० प्रतिशतभन्दा कम कार्य सम्पादन गरे कार्यकारी निर्देशकलाई हटाउने बाटो खुल्ने प्रावधान छ। कार्यसम्पादन सम्झौताअनुसार कार्य प्रगति ७० प्रतिशतभन्दा बढी भए प्रोत्साहन भत्ता पाउने व्यवस्था छ। कार्य प्रगति ५० देखि ७० प्रतिशतका बीच भए थप सुधारका लागि अवसर दिइने व्यवस्था छ। गत आर्थिक वर्ष प्राधिकरणको समग्र कार्य प्रगति करिब ७० प्रतिशत छ। ‘संस्थाको कार्य प्रगति ७० प्रतिशत हुँदा कार्यकारी निर्देशकको ४८ प्रतिशत मात्र देखिनु मिल्दो भएन,’ प्राधिकरणका एक अधिकारीले भने।

काफ्लेले मन्त्रालयबाट स्पष्टीकरण नभएर ‘प्रतिक्रिया’ का लागि मूल्यांकन प्रतिवेदन पठाइएको दाबी गरे। ‘लिखत जवाफ पेस गर्छु,’ उनले भने, ‘तयारी गरिरहेको छु।’

स्रोतका अनुसार काफ्लेलाई कार्यकारी निर्देशकबाट यही महिना हटाउने तयारी छ। 'कार्य सम्पादन सम्झौताअनुसार प्राधिकरणको कार्यकारी निर्देशकबाट १४ दिनभित्र लिखत जवाफ आउनुपर्छ,' स्रोतले भन्यो, 'मन्त्रालयले लिखत जवाफ पाएको ३ दिनभित्र त्यसमा असन्तुष्टि देखाई हटाउन मन्त्रिपरिषद्मा प्रस्ताव लैजाने सुनिएको छ।'

काफ्लेलाई मन्त्रिपरिषदको निर्णयअनुसार कार्यकारी निर्देशकमा नियुक्त गरेकाले उसैले मात्र हटाउन सक्छ। तर हटाउन त्यति सजिलो नभएको स्रोतको दाबी छ।

पछिल्लो समय ऊर्जामन्त्री राधाकुमारी ज्ञवाली र काफ्लेको सम्बन्ध बिग्रिएको छ। खासगरी प्राधिकरणका कर्मचारी सरुवा, बढुवा तथा विभिन्न आयोजनाको ठेक्का प्रक्रियामा ठेकेदारको आर्थिक तथा प्राविधिक क्षमता घटाउन काफ्लेले असहयोग गरेपछि ऊर्जामन्त्री ज्ञवाली काफ्लेसँग चिढिएकी हुन्। 'काफ्लेलाई हटाएर प्राधिकरणको कार्यकारी निर्देशकमा आफू निकट मान्छे ल्याउने तयारी छ,' ऊर्जा स्रोतले भन्यो।

श्रोतः  कान्तिपुर,  २०७२/४/२०

**पञ्चेश्वरको निरिक्षण**

पञ्चेश्वर बहुउद्देश्यीय प्राधिकरणका नेपाल र भारतका नव नियुक्त पदाधिकारीहरु आयोजनास्थलको स्थलगत भ्रमणमा गएका छन् ।

स्थलगत भ्रमणमा खटिएकामा प्राधिकरणका सिइओ महेन्द्र गुरुङ, एडिसनल सिइओ एच के साहु (भारत), निर्देशकहरु ए के खारिया (भारत), रुद्र सिटौला (नेपाल–कानुन) दिलिप कुमार सडौला (वातावरण) र बाबुराम अधिकारी (प्रशासन) छन् ।

यो टोलीले दुई दिनसम्म पञ्चेश्वरको मुख्य र सहायक बाँध बनाउने ठाउँको अध्ययन गर्नेछ । प्राधिकरणको स्थायी कार्यालय राख्ने स्थान पनि यही टोलीले तय गर्नेछ । आयोजनाको भारतीय कम्पनीले डिपिआर तयार पारिरहेको छ ।

श्रोतः अभियान, २०७२/४/२१

## सुनसान बन्यो तामाकोसी आयोजना

बिचार / प्रतिक्रिया

स्वदेशी लगानीमा निर्माण भइरहेको माथिल्लो तामाकोसी जलविद्युत् आयोजनामा भूकम्पले पुर्‍याएको क्षति र त्यसपछि लगातार गएको पहिरोका कारण थप सङ्कटमा परेको छ ।

भूकम्प र पहिराका कारण काम गर्न नसकेपछि आयोजनाका कर्मचारी, ठेकेदार कम्पनी र मजदुरले यसअघि नै आयोजनास्थल छाडेर फर्किसकेका छन् । साथै आयोजनाका चारओटै विदेशी ठेकेदार कम्पनीले आफ्ना कामदार स्वदेश फर्काएपछि आयोजनास्थल यतिबेला सुनसान नै बनेको छ । भूकम्पले आयोजनाका आठओटा भवन भत्काइदिएको छ । भूकम्पपछिको पहिरोमा आयोजनास्थलको सुरक्षार्थ खटिएको सैनिक शिविर तथा शिविरको गोदाममा भण्डारण गरिएको एक हजार २ सय केजी विस्फोटक पदार्थ सँगै पुरिएको थियो । त्यस्तै सडक मार्गका कतिपय भाग पूर्णरुपमा क्षति भएका छन् ।

आयोजना कार्यालयको आसपासका सडक तामाकोसी नदीले कटान गरिरहेको आयोजनाका प्रवक्ता डा गणेश न्यौपानेले जानकारी दिए । उनका अनुसार आयोजना कार्यालय आसपासमा अहिले पनि स–साना पहिरो गइरहेको छ । भूकम्प र पहिराका कारण ठेकेदारहरूले कार्यस्थल छाडेपछि आयोजनामा तीन महीनादेखि काम ठप्प भएको छ । आयोजना कम्पनीले समेत आफ्ना कर्मचारीलाई राजधानीस्थित ज्ञानेश्वरमा रहेको कार्यालयमा केन्द्रीकृत गरेको छ । “साइटमा बस्न सकिने अवस्था नै छैन,” आयोजनाका प्रवक्ता न्यौपानेले भने– “दुवैतिर पहाडको खोंच र तामाकोसी नदी किनारमा आयोजनास्थल रहेका कारण पहिराका डरले त्यहाँ बसेर काम गर्ने वातावरण नै नभएकाले कर्मचारीलाई काठमाडौं कार्यालयमा राखेर काम गराएका हौं ।”

दोलखाको सिँगटीबाट करोडौं खर्चेर आयोजनास्थल लामाबगरसम्म लगिएको प्रशारण लाइनका करोडौं मूल्य पर्ने खम्बा र तार पहिरोमा पुरिरहेका छन् । वैशाख १२ को भूकम्प र त्यसपछिका लगातारको कम्पनले आयोजनाको बाँधस्थल १७ सेन्टिमिटर भासिएको छ । “बाँधस्थलको एक भाग भासिएको हो जसलाई सामान्य मर्मत गरी पानी नचुहिने बनाउन सकिन्छ,” प्रवक्ता न्यौपानेले भने “अब फेरि ठूलो भूकम्प आएन भने यसले बाँधस्थललाई कुनै असर गर्दैन ।”

आयोजनाका अधिकारीकाअनुसार गोंगरदेखि लामाबगर खण्डका कतिपय स्थानमा बाटोको आकार नै देखिँदैन । भूकम्पलगत्तै गएको पहिराका कारण अवरुद्ध बनेको सिगँटीदेखि गोंगरसम्मको सडकखण्ड भने आयोजनाले पटक पटक खुला गरेपनि पहिरोका कारण पटक पटक बन्द हुने गरेको छ । नेपाल विद्युत् प्राधिकरण, नेपाल सरकार, नेपाल टेलिकम, कर्मचारी सञ्चय कोष, बिमा संस्थान, नागरिक

लगानी कोष, टेलिकमलगायत संस्थाका ऋण लगानी र लगानीकर्ता संस्थाका कर्मचारी, सञ्चय कोषमा रकम जम्मा गर्ने सञ्चय कर्ता, दोलखाबासी र आम सर्वसाधारणको शेयर लगानीमा बन्न लागेको यो स्वदेशी लगानीको हालसम्मकै ठूलो आयोजना हो । रासस

श्रोतः कान्तिपुर, २०७२/४/२२

# अपी अझै अन्योलमा

*डीआर पन्त*

सरकारी निकाय र निर्माण कम्पनीको लापरबाहीले साढे ८ मेगावाट विद्युत् उत्पादन क्षमता भएको अपी पावर कम्पनीको उत्पादन नेसनल ग्रिडमा जोडिन सकेको छैन। जसका कारण उक्त विद्युत् उत्पादन हुन सकेको छैन।

'क्षतिपूर्तिजस्तो सामान्य विवादका कारण १३२ केभी प्रसारण लाइन सुरु हुन नसक्दा विद्युत् उत्पादन हुन नसकेको हो,' अपी पावरका कार्यकारी निर्देशक संजीव न्यौपानेले भने, 'प्रसारण लाइन सुचारु हुन सके साढे ८ मेगावाट विद्युत् उत्पादन हुन्छ।' उनका अनुसार बैतडीको पन्जुनया गाउँ र डडेलधुराका केही ठाउँको जग्गा मुआब्जा समस्याले गर्दा प्रसारण लाइन सुचारु हुन नसकेको हो। अहिले परीक्षणका रूपमा दिउँसो ४ मेगावाट र राति ७ मेगावाट विद्युत् उत्पादन भइरहेको छ।

धनगढी–डडेलधुरा ३३ केभी प्रसारण लाइनले दोहरो विद्युत् आपूर्ति 'टु वे' ट्राफिक हुन नसकेका कारण पनि नेसनल ग्रिडमा विद्युत् जोड्न नसकिएको न्यौपानेले बताए। '१ सय ३० किलोमिटर लामो र पुरानो विद्युत् प्रसारण लाइनको ठाउँ ठाउँमा प्राविधिक समस्या देखिएको छ,' उनले भने, 'लाइन फल्ट हुने बितिकै विद्युत् उत्पादन बन्द हुने भएकाले ३३ केभी प्रसारण लाइनमा समस्या देखिएको हो।' सरकारले अविलम्ब समस्या समाधान गरी प्रसारण लाइन विस्तार गर्नुबाहेक अर्को विकल्प नभएको उनले बताए। 'पावर कम्पनीले उत्पादन गरेको विद्युत्ले सुदूरपश्चिमका ७ वटा पहाडी जिल्ला लोडसेडिङ मुक्त हुने भएका छन्,' न्यौपानेले भने, 'पहाडी जिल्लाका लागि हालको स्थितिमा साढे ७ मेगावाट विद्युत् आवश्यक छ ।'

१३३ केभी प्रसारण लाइन निर्माण कम्पनीले पनि कुनै चासो नराखेको र सरकारी निकायले पनि चासो नराखेका कारण उत्पादित बिजुली उपभोग गर्न नपाएको गुनासो उपभोक्ताले गरेका छन्। 'सरकारले गरेको मूल्यांकनअनुसार सबैले मुआब्जा र क्षतिपूर्ति बुझिसकेका छन्,' डडेलधुराका स्थानीय वीरबहादुर महरा भन्छन्, 'सरकारले एउटै ठाउँको जग्गाको कसैलाइ बढी र कसैलाई कम क्षतिपूर्ति दिनु हुँदैन, प्रशासनिक निकायमार्फत प्रसारण लाइन विस्तार गरिनुपर्छ।' अपी पावर कम्पनीले नियमित उत्पादन सुरु गर्न सके सुदूरपश्चिमका पहाडी जिल्ला लोडसेडिङ मुक्त हुने भएकाले सरकारले अविलम्ब समस्या सामाधान गर्नुपर्ने नागरिक समाज डडेलधुराका अध्यक्ष लक्ष्मण सिंहले बताए। उनले साउनभित्रै सबै समस्या समाधान गर्न सरकारी पक्ष अग्रसर नभए सर्वसाधारण आन्दोलनमा उत्रिने चेतावनी दिए।

‘डडेलधुरामा रहेको जग्गा मुआब्जा विवाद समाधानका लागि बिहीबार सर्वपक्षीय बैठक आयोजना गरिएको छ,’ प्रमुख जिल्ला अधिकारी प्रेमप्रसाद लुइँटेलले भने, ‘यो जिल्लाको समस्या समाधान हुन्छ।’ उनका अनुसार क्षतिपूर्ति पाउनेमध्ये ५० परिवारले लिइसकेको र केही परिवारले क्षतिपूर्ति कम भएको गुनासो गर्दै बुझ्न नमानेका कारण प्रसारण लाइन विस्तारमा समस्या देखिएको छ। ‘१/२ परिवारकै कारण ७ पहाडी जिल्ला लोडसेडिङ मुक्त हुनबाट वञ्चित हुनु हुँदैन,’ उनले भने।

श्रोतः कान्तिपुर, २०७२/४/२२

# त्रिशूली अझै बन्द

*प्रकाश अधिकारी*

तीन महिनादेखि ६० मेगावाट क्षमताको त्रिशूली 'थ्री ए' जलविद्युत् आयोजनाको काम सुरु हुन सकेको छैन। भूकम्पपछि घर फर्केका नेपाली र चिनियाँ कामदार नफर्केकाले आयोजना सुचारु नभएको हो।

सन् २०१६ को जुन सम्ममा निर्माण सक्ने लक्ष्य लिइएको ८ अर्ब बराबरको आयोजनाको ७५ प्रतिशत कार्य सम्पन्न भएको छ। भूकम्पले आयोजना पावरहाउस स्थल मनकामनाको सिम्लेदेखि हेडगेट सम्मको पाँच किलोमिटर सडक पहिराले पुरेको छ। आयोजनाको मुख्य निर्माण स्थलमा सडक नहुँदा ठेकेदार चाइना गेजुवा ग्रुप अफ कम्पनीले काम अघि बढाउन सकेको छैन। आयोजनाले ठेकेदार कम्पनीलाई काम सुरु गर्न आग्रह गर्दा कम्पनीको पक्षबाट सडक नभएको र कम्पनीका कामदार बसोवास गर्न बनाइएको शान्ति बजारस्थित कोलनीमा भूकम्पपीडितले आश्रय लिएकाले नहटाएसम्म काम गर्न नसक्ने प्रतिक्रिया दिएको आयोजनाका उपप्रबन्धक छवि गैरेले बताए।

वर्षा अगाडि नै आयोजनाको हेडगेटको काम सक्ने अवस्था थियो। आयोजनाको मुख्य काम पावरहाउसमा मेसिन जडान गर्ने कार्य सुरु भइसकेको छ। ४ दशमलव ७६ किलोमिटर सुरु भएको मध्ये २ सय ४० मिटर मात्र खन्न बाँकी छ।

आयोजना क्षेत्रको सडकमा पहिराका कारण मानिस हिँड्न पनि नसक्ने अवस्था छ। 'पहिराको अवस्था हेर्दा नयाँ खन्न सक्ने अवस्थासम्म छैन,' गैरेले भने। नेपाल विद्युत् प्राधिकरण, कन्सल्टेन्सी र ठेकेदार पक्षले भूकम्पका कारण आयोजनामा पुगेको क्षतिको विवरणसम्म सार्वजनिक गर्न सकेको छैन। आयोजनास्थल वरपर भूकम्पले खसालेको ठूला ढुंगाहरू हटाउन सकिने अवस्था पनि छैन। त्रिशूली 'थ्री ए' जलविद्युत्ले आयोजनाको काम सुचारु गर्न पहिरो पन्छाएर सडक खुलाउन जिल्ला दैवी प्रकोप उद्धार समितिले आग्रह गरेको छ।

आयोजना सुरु हुन नसक्नुमा पहिलो कारण सडक बनेको छ भने कामदारका लागि बनाइएको भवनमा भूकम्पपीडितले आश्रयस्थल बनाउनु दोस्रो कारण बनेको छ। भूकम्पले मनकामना सिम्लेलगायत रसुवाको डाँडागाउँ र ठूलोगाउँका पीडितले आश्रयस्थल बनाएका छन्। सुरुमा २ सय ८ घरले आश्रय लिएको आयोजनाको ११ ओटा आवासीय भवनमा अझै १ सय ३३ परिवार बसोवास गर्दै आएका छन्। रसुवाका भूकम्पपीडितका लागि वेत्रावती नजिकको सातबिसेमा आश्रयस्थल बनाउन सुरु भए पनि भूकम्पपीडितहरू आयोजनाको कोलनी छोड्ने पक्षमा देखिएका छैनन्। शान्ति बजारस्थित कोलनीमा आश्रय लिई बस्दै आएका रसुवा ठूलोगाउँका भूकम्पपीडित रामबहादुर तामाङले राज्यले पुनर्बासका लागि

विकल्प तयार नगरेसम्म आयोजनाको आवासीय भवन नछाड्ने बताए। ठेकेदार कम्पनीलाई काम सुरु गर्न आग्रह गर्दा भूकम्पपीडितले आवासीय भवनलाई पनि मुख्य आधार बनाउदै योजना सञ्चालनमा आनाकानी गरिरहेको आयोजनाका गैरेले बताए। आवासीय भवनमा आश्रय लिइरहेका रसुवा ठूलोगाउँका पदमकान्त न्यौपानेले आश्रयस्थल खाली गराउन कोही नआएको र छाड भन्दैमा जाने विकल्प नदिएसम्म स्थान खाली नगराइने बताए।

श्रोतः अभियान, २०७२/४/२२

**मागको ६३% मात्र विद्युत् आपूर्ति, थप ४ सय ७३ मेवा आवश्यक**

बिचार / प्रतिक्रिया

***जीवन बस्नेत***

देशमा आवश्यक विद्युत् माग पूरा गर्न थप ४ सय ७३ मेगावाट विद्युत् आवश्यक देखिएको छ । आर्थिक सर्वेक्षण २०७१/७२ र चालू आर्थिक वर्षको बजेटअनुसार अहिलेसम्म देशमा कुल विद्युत् उत्पादन ८ सय १८ मेगावाट पुगेको छ । तर, देशमा विद्युत्को उच्चतम माग भने १ हजार २ सय ९१ दशमलव १ मेगावाट रहेको छ । उत्पादन भइरहेको विद्युत् अहिलेको कुल मागभन्दा ३७ प्रतिशत कम हो । अहिले मागको ६३ प्रतिशत विद्युत्मात्र आपूर्ति हुँदै आएको छ ।

ऊर्जा मन्त्रालयको पछिल्ला ३ आर्थिक वर्षको तथ्याङ्कअनुसार प्रत्येक आवमा ८८ मेगावाट विद्युत् थप माग हुने गरेको छ । सोअनुसार चालू आवमा थप माग हुने विद्युत् ८८ मेगावाट जोड्ने हो भने ५ सय ६१ मेगावाट विद्युत् उत्पादन गर्न सके मात्र चालू आवसमेतको माग पूरा हुनेछ । माग पूरा गर्नकै लागि सरकारले चालू आवको बजेटमा ६ सय मेगावाट विद्युत् थप गर्ने लक्ष्य राखेको छ । तर, अहिले वार्षिक थप हुँदै आएको विद्युत् उत्पादन दर हेर्दा यो लक्ष्य पूरा हुने स्थिति भने देखिँदैन । किनकि पछिल्ला ५ वर्षको औसत उत्पादन दर २४ मेगावाटमात्र छ । ऊर्जा मन्त्रालय र नेपाल विद्युत् प्राधिकरणकै अधिकारीहरूका अनुसार पनि उक्त लक्ष्य पूरा हुने स्थिति छैन ।

चालू आवमा पूरा हुने ठूला आयोजना नरहेकाले उक्त लक्ष्य पूरा हुन सम्भव नरहेको प्राधिकरण स्रोतले बताएको छ । वार्षिक २४ मेगावाटकै दरमा विद्युत् उत्पादन हुने हो भने चालू आवसम्मको माग पूरा गर्न मात्र थप २३ वर्ष लाग्नेछ । नेपाल विद्युत् प्राधिकरणका अधिकारीहरू भने यो वर्ष लक्ष्यअनुसार उत्पादन नभए पनि यस्तो अवस्था हरेक वर्ष नरहने बताउँछन् ।

नेपाल विद्युत् प्राधिकरण, वितरण तथा ग्राहक सेवा निर्देशनालयका उपकार्यकारी निर्देशक रामचन्द्र पाण्डेयका अनुसार चालू आवमा चमेलिया, कुलेखानी तेस्रोलगायत आयोजना सम्पन्न भई १ सय २ मेगावाट उत्पादन हुनेछ । त्यस्तै, ४ सय ५६ मेगावाट क्षमताको माथिल्लो तामाकोशी जलविद्युत् आयोजनाबाट पनि यसै आवमा विद्युत् उत्पादन हुने भनिए पनि भूकम्पका कारण २ वर्ष ढिलो हुने चालू आवको बजेट वक्तव्यमा उल्लेख छ ।

भूकम्पपछि चालू आवमा निजीक्षेत्रबाट उत्पादन हुने आशा गरिएको २ सय मेगावाट पनि उत्पादन हुन नसक्ने सम्भावना छ । 'धेरै आयोजना भूकम्पले प्रभावित भएकाले निर्धारित लक्ष्यअनुसार उत्पादन हुन गाह्रो छ,' स्वतन्त्र विद्युत् उत्पादकहरूको संस्था (इप्पान) का अध्यक्ष खड्गबहादुर विष्टले भने । तर, चालू आवमा यत्ति नै उत्पादन गर्छौं भनेर घोषणा गर्न भने नसकिने उनको भनाइ छ । भूकम्प र अन्य

कारणले लक्ष्य पूरा हुन नसक्ने अवस्था रहेको प्राधिकरणका उपकार्यकारी निर्देशक पाण्डेयले पनि स्वीकार गरे । यसैबीच विद्‍युत् सुविधा उपयोग गर्ने ग्राहकको सङ्ख्या भने ३१ लाख ७२ हजार पुगेको छ । चालू आवमा थप २ लाख ५० हजार ग्राहक सङ्ख्या थप्ने लक्ष्य राखिएको छ । यससँगै कुल ग्राहक सङ्ख्या ३४ लाख २२ हजार पुग्नेछ ।